# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## धार्चे गाउँपालिका, गोरखा

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

नेपाल
२०१६

पत्र संख्याः २०७८/७९
च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू ,
धार्चे गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
गोरखा।

**विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९ च.नं.: ११९ मितिः२०७८।०५।०४

श्री अध्यक्षज्यू,
धार्चे गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
गोरखा।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले धार्चे गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रु २ करोड ४२ लाख २३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ७९ लाख ५१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १८ लाख ४८ हजार र नियमित गर्नुपर्ने रु १ करोड ४४ लाख २४ हजार रहेको छ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१२।२० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३१ यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, नगर अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# आर्थिक कारोवारको स्थिति

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ४० सभा सदस्य, ६५२ वर्ग किलोमिटर क्षेत्रफल तथा १८७२४ जनसंख्या रहेको छ।

**आय व्ययको एकिकृत विवरण २०७६।७७**

| सि नं | आयतर्फ | | | सि नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **जम्मा रकम** | | **विवरण** | **रकम** | **जम्मा रकम** |
| १ | **गत वर्षको जिम्मेवारी** | | ५०५९९७८६.९३ | १ | **चालु खर्च** | ११९२०३४१०.६८ | ११९२०३४१०.६८ |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | ६७४८६४८८.४४ | ६७४८६४८८.४४ |
| | ख) बैंक | ५०५९९७८६.९३ | | ३ | **विषयगत तर्फः** | | ६५१०९०४५.६६ |
| २ | **राजस्व (आन्तरिक आय)** | | ५१७७९०६१.३५ | | सामाजिक सुरक्षा | ५०८५३८००.०० | |
| | क) आन्तरिक राजस्व | १७८९२४४.४० | | | स्थानीय पुर्वाधार साझेदारी | ९०७५२०६.९९ | |
| | ख) राजस्व बाँडफाँड | ४९९८९८१६.९५ | | | गरिवसँग विश्वेश्वर | ०.०० | |
| ३ | **वित्तीय हस्तान्तरण** | | १९२०८२००० | | राष्ट्रिय परिचय पत्र तथा पन्जिकरण चालु | ७७४०५८.०० | |
| | क)वित्तीय समानीकरण अनुदान | ८९४०००००.०० | | | राष्ट्रिय परिचय पत्र तथा पन्जिकरण पुजिगत | १९४८७५.०० | |
| | ख) सशर्त अनुदान | १०२६८२०००.०० | | | सामाजिक विकास मन्त्रालय | ४०२१०८५.६७ | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १४९५८०००.०० | | शिक्षा विकाश निर्देशनालय | १९००२०.०० | |
| | क)वित्तीय समानीकरण अनुदान | १२०५८०००.०० | | ४ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| | ख) सशर्त अनुदान | ०.०० | | | क) ऋण भुक्तानी | ०.०० | |
| | ग) समपूरक अनुदान | २९०००००.०० | | | ख) ब्याज भुक्तानी | ०.०० | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ०.०० | ० | | ग) अन्य भुक्तानी | ०.०० | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ०.०० | ० | ५ | **लगानी** | | ० |
| ७ | **विभिन्न कोषतर्फको आय** | | ११५८३९३६ | ६ | ऋण लगानी | ०.०० | |
| | विभाज्य कोष खाता | ५२३०३०.०० | | | शेयर लगानी | ०.०० | |
| | प्रकोप व्यवस्थापन तथा अन्य कोष | ११०६०९०६.०० | | | अन्य लगानी | ०.०० | |
| ८ | **विषयगत (भुक्तानी आदेश वनाइ खर्च गर्ने) तर्फः** | | ६५१०९०४५.६६ | | **धरौटी फिर्ता** | १००१४९९.३६ | १००१४९९.३६ |
| | सामाजिक सुरक्षा | ५०८५३८००.०० | | | **कोष खर्च (प्रकोप व्यवस्थापन तथा अन्य कोष)** | ७७०९३९७.२४ | ७७०९३९७.२४ |
| | स्थानीय पुर्वाधार साझेदारी | ९०७५२०६.९९ | | | **मौज्दात** | | ९४१६२२११.१० |
| | राष्ट्रिय परिचय पत्र तथा पन्जिकरण चालु | ७७४०५८.०० | | | क) नगद मौज्दात | ०.०० | |
| | राष्ट्रिय परिचय पत्र तथा पन्जिकरण पुजिगत | १९४८७५.०० | | ७ | ख) बैंक मौज्दात (संचित कोष खाता) | ८९८२९९६२.७० | |
| | अन्य (प्रदेश अन्तर्गत) | | | | ग) बैंक मौज्दात (राजश्व बाँडफाँड खाता) | ०.०० | |
| | सामाजिक विकास मन्त्रालय | ४०२१०८५.६७ | | | घ) बैंक मौज्दात (धरौटी कोष खाता) | ९८०७३९.६४ | |
| | शिक्षा विकाश निर्देशनालय | १९००२०.०० | | | ङ) बैंक मौज्दात (प्रकोप व्यवस्थापन कोष /अन्य ) | ३३५१५०८.७६ | |
| ९ | **जनसहभागिता (नगद भए)** | ०.०० | ० | | अन्य | | |
| १० | **धरौटी आय** | १९८२२३९.०० | १९८२२३९ | | शसर्त अनुदान फिर्ता | ३३४२२०१६.४६ | ३३४२२०१६.४६ |
| | **जम्मा** | **३८८०९४०६८.९४** | **३८८०९४०६८.९४** | | **जम्मा** | **३८८०९४०६८.९४** | **३८८०९४०६८.९४** |

कार्यालयको नामः धार्चे गाउँपालिकाको कार्यालय, गोरखा । आ.व. २०७६।७७

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १ | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छः | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

- यस स्थानीय तहले NPSAS अनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा. नं. २७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाइ आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ।

| विवरण | श्रेष्ता अनुसार | मलेपफा नं २७२ अनुसार | फरक रकम |
|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | ५०,५९९,७८६.९३ | ५११६०६४१.९३ | -५६०,८५५.०० |
| सन्चित कोषवाट खर्च | १८६६८९८९९.१२ | १८६८११०२६ | -१२१,१२७.०० |
| संघ प्रदेश वा अन्य कार्यक्रम | ६५१०९०४५.६६ | ६४६४०११३ | ४६८,९३३.०० |
| कोष तर्फको व्यय | ७७०९३९७.२४ | ० | ७,७०९,३९७.२४ |
| कोष तर्फको आय | ११,०६०,९०६.०० | ० | ११,०६०,९०६.०० |
| राजस्व (राजस्व बाँडफाँट समेत) | ५१,७७९,०६१.३५ | ५१७२५३११.३५ | ५३,७५०.०० |
| धरौटी आय | १९८२२३९ | १४७१३८५ | ५१०,८५४.३६ |
| मौज्दात | ९४१६२२११.१ | १२७५६३१००.७५ | -३३,४००,८८९.६५ |

- **खर्च सुत्रमा पोष्टीङ नभएकोः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० मा स्थानीय तहको आर्थिक कार्य प्रणाली र प्रशासनिक काम कारबाहीमा एकरूपता कायम गर्न तथा पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धन गर्न त्यस्तो क्षेत्रमा प्रयोग गर्नुपर्ने सूचान प्रविधिको ढाँचा तोक्न सक्नेछ भन्ने व्यवस्था छ ।जसअनुसार नेपाल सरकारले सवै स्थानीय तहहरुमा सुत्र सफ्टवेयर प्रयोगमा ल्याएको छ । तर यस पालिकाले कोष तर्फका देहायका आम्दानी तथा खर्चहरु सुत्रमा पोष्टीङ गरेको छैन त्यसैले सुत्रवाट देखिएका तथ्यांकले यस गाउँपालिकाको यथार्थ आय व्ययको चित्रण गर्दैन । यसमा सुधार गरी सुत्रको पुर्णरुपमा कार्यान्वयन गर्नुपर्दछ ।

| क स | वजेट स्रोत | रकम |
|---|---|---|
| १ | कोष तर्फको व्यय | ७७०९३९७.२४ |
| २ | कोष तर्फको आय | ११,०६०,९०६.०० |

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ साथै सम्पुर्ण आम्दानी तथा खर्च समेत देखिने गरी सुत्रमा समावेश गरी वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ ।

२ **बैंक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म.ले.प.फा. नं. २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको कुनै पनि खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छैन। बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ।

| सि.नं. | खाताको नाम | २०७७ असार मसान्तसम्मको वैंक मौज्दात | वास्तविक मौज्दात |
|---|---|---|---|
| १ | चालु खर्च खाता | ६४६२७१८५.१० | ४२०६७८५७.६८ |
| २ | पुँजीगत खर्च खाता | २९०२७५६७.०३ | ७७३५१६७.४८ |
| ३ | संचित कोष खाता | ४००२६९३७.३५ | ४००२६९३७.३५ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | ४ | धरौटी खाता | ९८०७३९.६४ | ९८०७३९.६४ | |
| | ५ | विभाज्य कोष खाता | ०.०० | ०. | |
| | ६ | प्रकोप व्यवस्थापन कोष | ३४७७४३२.३५ | ३०००८७०.९५ | |
| | ७ | राजश्व बाँडफाँड खाता | ०.०० | ०. | |
| | ८ | मर्मत संभार कोष खाता | ३५०६३८.०० | ३५०६३८. | |
| | कुल जम्मा | | १३८४९०४९९.४७ | ९४१६२२११.१ | |

३ **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वियनमा आउन सकेको छैन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • पालिका मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू— जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• पालिकाले वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,<br>• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा १२.५ मा एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएमा लगत कट्टा गर्ने व्यवस्था रहेकोमा कार्यालयले लगत कट्टाको विवरण नराखेको साथै बैंक बाट निष्क्रिय खाताको विवरण माग गरी लगतको अद्यावधिक नगरेको, जसवाट निष्क्रिय भएका लाभग्राहिलाई समेत भत्ता जाने जोखिम देखिएको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेको रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,<br>• आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, मासिक रुपमा र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,<br>• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ (२) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. ४५ लाख ७८ हजार खर्च लेखेको पाईयो ।जसले गर्दा भुक्तानी हुनुपर्ने भन्दा वढी ग्रेड भुक्तानी हुने अवस्था रहेको,<br>• कार्यालयमा २०७६ श्रावणमा करारमा २६ जना पदपुर्ति (स्वास्थ्य, कृषि, पशुमा, वाहेक) रहेको र स्थायी तर्फ ३ जना रहेकोमा लोकसेवा आयोग तथा अन्यवाट आएका गरी असारमा कुल १७ जना पदपुर्ति भएकोमा समेत करारमा कार्यरत जनशक्ति नहटाएको,<br>• स्थानीय सरकार सन्चालन ऐन तथा अन्य कानून वमोजिक स्थानीय तहले घर तथा जग्गा वहाल कर मात्र संकलन गर्ने उल्लेख भएकोमा यस कार्यलयले सवारी साधनमा तथा ढुवानीमा कट्टी गरेको कर रकम समेत स्थानीय संचितकोषमा आम्दानी वाँधेको, | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या अनुसार वजेट विनियोजन गर्नुपर्नेमा चालु प्रकृतिका खर्चलाइ पुजीगतमा तथा पुजीगत प्रकृतिका खर्चलाइ चालुको कार्यक्रम खर्च शिर्षकमा राखी वजेट विनियोजन गरेको कारण शिर्षकवाइज खर्चले वास्तविक विवरण प्रतिनिधित्व नगरेको,<br>• चालु तर्फको भौ नं २ वाट गत वर्षको पेश्की फछ्यौंट भनि रु १ लाखको भौचर उठाएकोमा उक्त रकम वैंक नगदी कितावमा वजेट खर्च भनि कायम भएको देखिन्छ। भौचरमा भुक्तानी पाउनेको नाम नभएको तर वैंक नगदी कितावमा खर्च भएको देखिदा खर्चको विवरण यथार्थ नहुने अवस्था रहन्छ। गत वर्षको पेश्कीलाइ वैक नगदि कितावमा खर्च नभइ गत वर्षको पेश्की फछ्यौंटको कोलममा मात्र आउनुपर्नेमा वजेट खर्च देखिएकोले यस सम्वन्धमा कार्यालयले एकिन गर्नुपर्ने देखिएको।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष साझेदारी कोष तर्फका कार्यक्रमहरु भनि नेपाल सरकार समानीकरण तथा राजस्व बाँडफाँटको रकम वाट रु २ करोड ४९ लाख ९९ हजार राखी रु २३ लाख ३६ हजार खर्च गरेको छ। बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|
| गैर वित्तीय संस्थानहरूलाई चालु सहायता | ११६३७ | १०६१० |
| साझेदारी कोष | ९०२४ | ० |
| साझेदारी कोष | १३८८६ | ८६४ |
| साझेदारीकोषबाट विनियोजीत विभिन्न कार्यक्रमहरु | २०८९ | १४७२ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५ | **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष नागरिकता सिफारिश ३०६ वटा, घरवाटो सिफारिश १२ वटा, नाता प्रमाणित ९७ वटा, जन्म दर्ता ४६६, मृत्यु दर्ता १५३ वटा, वसाइ सराइ ७, अन्य ५५ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाई सराई, पञ्जीकरण दर्ता तथा सिफारिश, पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन। ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। | |
| ६ | **अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ। नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा | |

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. १७ लाख ४९ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>७</td><td>पूँजीगत खर्चको स्थितिः कार्यालयको कुल पूँजीगत खर्चको विश्लेषण गर्दा देहायअनुसारको खरिद विधिवाट रकम खर्च भएको विवरण पेश भएको छ । कार्यालयले खर्चको ठुलो रकम रु ६,२६,९८,६४०। उपभोक्ता समिति तथा लाभग्राहीवाट गराएको छ । उपभोक्ता समितिवाट गराएको कामको गुणस्तर परीक्षण लगायतका कार्य नभएको कारण यसको गुणस्तर तथा दिगोपनाको पक्ष कमजोर हुन सक्ने देखिदा उपभोक्ता समितिमार्फत धेरै कार्य गराउने परिपाटीमा सुधार गर्नुपर्दछ ।
<table>
<tr><th>खरिद विधि</th><th>खर्च रकम</th></tr>
<tr><td>खुला बोलपत्रवाट</td><td>३०४३८७२.७७</td></tr>
<tr><td>सिलबन्दी दरभाउपत्रवाट</td><td>१२१८३१५.५०</td></tr>
<tr><td>सोझै</td><td>०</td></tr>
<tr><td>अमानतवाट</td><td>०</td></tr>
<tr><td>उपभोत्ता समिति वा लाभग्राही समुदायवाट</td><td>६२६९८६४०.१७</td></tr>
<tr><td>गैर सरकारी संस्थावाट</td><td>०</td></tr>
<tr><td>कन्टीन्जेन्सीवाट</td><td>५२५६६०</td></tr>
<tr><td>जम्माः</td><td>६७४८६४८८.४४</td></tr>
</table></td><td></td></tr>
<tr><td>८</td><td>योजना र कार्यान्वयन — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>क्र. सं.</th><th>ववरण</th><th>योजना संख्या</th><th></th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>३</td><td>२५००००</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>६१</td><td>२०६६११९१.२७</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>१७</td><td>१२९५७७८६</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मा योजना</td><td>९</td><td>२४२१०१०४.८</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथिका योजनाहरु</td><td>१</td><td>५५०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९१</td><td>६३५७९०८२.०७</td></tr>
</table></td><td></td></tr>
<tr><td>९</td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण</td><td></td></tr>
</table>

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष ८ मुद्दा दर्ता भएकोमा ६ वटा मात्र फछ्र्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १० | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| पूँजीगत वजेट | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | |
|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक |
| खर्च | १८६८११०२६.१२ | २८६५१३६३.६ | २४३६९९४९.९१ | १३३७८९७१२.६१ |
| खर्च प्रतिशत | १००. | १५.३४ | १३.०५ | ७१.६२ |

११ **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | वजेटको तुलनामा खर्च प्रतिशत | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| आ थक वकास | ३१०५६८०८.५७ | १४८५२१३३.८७ | ४७.८२ | ७.९५ |
| सामाजिक वकास | ८६३२६३५५.५७ | ६६०७०७८३.१२ | ७६.५४ | ३५.३७ |
| पूर्वाधार वकास | १०७११९९५९.७ | ५१८७६३४६.२२ | ४८.४३ | २७.७७ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७००७६०७ | ४१०६२८६.६७ | ५८.६ | २.२ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ९१९८९२४७ | ४९९०५४७६.२४ | ५४.२५ | २६.७१ |
| **जम्मा** | ३२३४९९९७७.८४ | १८६८११०२६.१२ | ५७.७४ | १०० |

उल्लिखित विवरण अनुसार पुर्वाधार विकासमा कुल खर्चको २७।७७ % रहेको छ भने सामाजिक विकासमा ३५।३७% खर्च भएको देखिएको छ । पूँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्धेश्य हासिल गर्नुपर्दछ ।

१२ **कार्यक्रमगत प्रगतिः** तोकिएको लक्ष्य पुरा गरी शत लक्षित प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ । पूजीगत कार्यक्रम तर्फ कम प्रगति भएका केही उदाहरण देहायअनुसार छन्ः रु हजारमा

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|
| केरौजा मा वि जग्गा खरीद वडा न २ | ८०० | ० |
| गा पा भवन निर्माण तथा DPR वडा न ५ | १०००० | ० |
| गाउपालिका जग्गा खरीद तथा डिपीआर अल्याह बाट | ६२०७ | ९९० |
| दोभान उहिया मोटररेवल पुल DPR वडा न १ | ८०० | ० |
| नयाँबस्ती DPR वडा न ४ | ४५० | ० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| पर्याटन गुरु योजना निर्माण | १५०० | ० |
| वके टोके खरीद तथा वितरण | १००० | ० |
| वडा कार्यालय जग्गा खरीद वडा न ५ | ५०० | ९९ |
| स्यामराङ्ग देखि भिरकुना मोटरबाटो DPR | ५०० | ० |
| साझेदारी कोष | ९०२४ | ० |
| साझेदारी कोष | १३८८६ | ८६४ |
| हेलीप्याड जग्गा खरीद वडा न २ | ६०० | ० |
| कोल्डस्टोर निर्माण | १०००० | ९९२ |
| लान्छे खोला, खुइते खोला, पलाङगुखोला, खानीखोला, लिस्नेपु खोला झो.पु. धार्चे गाउँपालिका, गोरखा | ५५०० | ० |
| विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | ९७० | ० |

१३ **वैदेशिक भ्रमणः** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीले विदेश भ्रमणमा जाँदा आयोजक संस्थाले होटल वासको प्रवन्ध गरेकोमा पाउने भत्ताको २५ प्रतिशत रकम मात्र उपलव्ध गराउने उल्लेख छ। कार्यालयले अध्यक्ष र उपाध्यक्षलाइ भारतको भुजमा भुकम्पपछिको पुनः निर्माणको अवलोकन गराउनको लागि भ्रमणमा लगेको देखिन्छ। उक्त भ्रमणको प्रायोजन नेपाल आवास पुननिर्माण परियोजना, गोरखाले गरेको र हवाइ टिकट, खाना तथा आवासको प्रवन्ध गरिएको जानकारी गराएको छ। तर कार्यालयले देहायअनुसार भ्रमण भत्ताको २५ प्रतिशत भुक्तानी नदिइ सवै रकम भुक्तानी दिएको छ। अतः देहायअनुसार वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु ६४५१७

| पदाधिकारीको नाम र विवरण | भुक्तानी दिएको रकम | भुक्तानी दिनुपर्ने रकम | वढी भुक्तानी |
|---|---|---|---|
| अध्यक्ष श्री सन्त वहादुर गुरुङ | ४४४९४ | ११२४ | ३३३७१ |
| उपाध्यक्ष श्री फुलमाया गुरुङ | ४१५२८ | १०३८२ | ३११४६ |
| | ८६०२२ | २१५०६ | ६४५१७ |

१४ **कृषि तथा पशुमा अनुदानः** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष कृषि अन्तर्गत संचालित केही कार्यक्रमहरु देहायअनुसार छन्

| भौ नं | विवरण | अनुदान रकम |
|---|---|---|
| १९० | केरा तथा ओखर खरिद गरि वितरण गर्न कागती आँप केरा अदुवा ओखर उपभोक्ता समितिलाइ भुक्तानी | ४९०४०० |
| २०९ | वेन्चेत वाखा वितरण कार्यक्रम उपभोक्ता समितिले चेतनशिल कृषि तथा पशुपंक्षी फर्मवाट वाखा खरिद | १५०००० |
| ३०७ | जिविको उपार्जन कार्यक्रम वाखा खरिद तथा वितरण उपभोक्ता समितिमार्फत वाखा तथा वोका खरिद | ३९९५९६ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | २१२ — फापर खेती विस्तार उ स लाइ फापर खरिद गरि वितरणको लागि भुक्तानी — २११००० <br> २४० — लक्ष्मणसिंह खत्रीलाइ विभिन्न विरुवा खरिद तथा ढुवानीको लागि रकम भुक्तानी — १०७१९९६ <br> २३९ — जर्सीगाइ खरिद समितिलाइ जर्सीगाइ खरिदमा अनुदान — २९६००० <br> यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्ः | |
| १४.१ | अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) पेरे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । | |
| १४.२ | कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । नगरपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । | |
| १४.३ | अनुदानमा धान विउ खरिद तथा अन्य खरिदमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन । | |
| १४.४ | कार्यालयले भौ नं १९० वाट केरा तथा ओखर आदि खरिद गरि वितरण गर्न "कागती आँप केरा अदुवा ओखर उपभोक्ता समिति" मार्फत खरिद गरी रु ४९०४००। खर्च लेखेको छ। जसमा २००० गोटा केरा प्रति केरा रु ४५ को दरले खरिद गरेको छ। विरुवा खरिद गर्ने सम्वन्धमा नेपाल सरकारले मिति २०७६।६।६ मा राजपत्रमा सुचना प्रकाशन गरी मुल्य कायम गरेको छ। उक्त मुल्य भन्दा धेरै दरमा देहायका विरुवा खरिद गरेकोले वढी दरले हुने मुल्य असुल गर्नुपर्ने रु <br> (तालिका: | विरुवाको संख्या | खरिदको दर | खरिद गर्नुपर्ने दर | वढी भुक्तानी — केरा | २००० | ४५ | ३५ | २०००० — ओखर | ९०० | ३०० | १०० | १८००००) | २००००० |
| १४.५ | कार्यालयले भौ नं २४० वाट वडा नं २ का सचिव लक्ष्मणसिंह खत्रीलाइ विभिन्न विरुवा खरिद तथा ढुवानीको लागि रु १०७१९९६। भुक्तानी गरेको छ। जसमा श्री जानकी फलफुल नर्सरी तथा वागवानी फर्मवाट रु ८१७८१२। को कागती, लिचि, आँप र केराको विरुवा खरिद गरेको छ भने रु ६२०९४। ढुवानीमा खर्च गरेको छ।विरुवाहरु खरिद गर्दा ठुलो परिमाणमा खरिद गरेकोमा सोझै खरिद गर्नु उचित देखिएन। साथै उक्त विरुवाहरु खरिद गरि वितरण गर्नुपर्नेमा पुरै वितरण नगरेकोले वितरणको भर्पाइ पेश गर्नुपर्ने रु <br> (तालिका: विवरण | विरुवाको संख्या | खरिदको दर | खरिद मुल्य | वितरण गर्न वाँकी विरुवाको संख्या | वितरण गर्न वाँकीको मुल्य — कागती पोलिव्यागा | २४०० | ३३ | ७९२०० | ११८२ | ३९००६) | ४११००१ |

दफा १४.४ को तालिका:

| | विरुवाको संख्या | खरिदको दर | खरिद गर्नुपर्ने दर | वढी भुक्तानी |
|---|---|---|---|---|
| केरा | २००० | ४५ | ३५ | २०००० |
| ओखर | ९०० | ३०० | १०० | १८०००० |

दफा १४.५ को तालिका:

| विवरण | विरुवाको संख्या | खरिदको दर | खरिद मुल्य | वितरण गर्न वाँकी विरुवाको संख्या | वितरण गर्न वाँकीको मुल्य |
|---|---|---|---|---|---|
| कागती पोलिव्याग | २४०० | ३३ | ७९२०० | ११८२ | ३९००६ |

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>लिचि सिडलेस बिरुवा</td><td>२६८२</td><td>७५</td><td>२०११५०</td><td>२१२३</td><td>१५९२२५</td></tr>
<tr><td>टिष्यु कल्चर केरा</td><td>२४००</td><td>३५</td><td>८४०००</td><td>१२०२</td><td>४२०७०</td></tr>
<tr><td>आम्रपाली आँप</td><td>२८९९</td><td>१००</td><td>२८९९००</td><td>१७०७</td><td>१७०७००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>४११००१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४.६</td><td>कार्यालयले भौ नं २०९ वाट वेन्चेत वाखा वितरण कार्यक्रम उपभोक्ता समिति मार्फत चेतनशिल कृषि तथा पशुपंक्षी फर्मवाट रु १५००००। वाखा खरिद गरेकोमा खरिदको विल परीक्षण गर्दा प्रिन्ट गरेको विल पेश गरेको छ। आयकर ऐन तथा मुअ कर ऐनमा विल शिलशिलेवार रुपमा छापिएको हुनुपर्नेमा प्रिन्ट गरी विजक जारी गरेको आधारमा भुक्तानी दिनु उचित देखिएन।</td><td></td></tr>
<tr><td>१४.७</td><td>कार्यालयले भौ नं २१२ वाट फापर खेती विस्तार उ स लाइ फापर खरिद गरि वितरणको लागि रु २११०००। भुक्तानी गरेकोमा उक्त फापर वितरणको भर्पाइ छैन। यस सम्वन्धमा छलफल गर्दा सार्वजनिक जग्गामा उक्त फापर लगाएको जानकारी गराएको छ। तर सार्वजनिक जग्गामै भएपनि व्यक्ति वा समितिले नै लगाउने हुदा उक्त वितरणको प्रमाण पेश गरी श्रेष्ता अद्यावधिक गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१४.८</td><td>कार्यालयले कृषि तथा पशुमा शत प्रतिशत अनुदान दिइ कार्यक्रम सन्चालन गरेको देखियो। कृषिमा अनुदान सम्वन्धी कार्यविधि लगायतको कानून तयार नगरेकोले अनुदानका सवै क्रियाकलापहरुमा शत प्रतिशत भुक्तानी भएको देखिन्छ। अन्य स्थानीय तहले निश्चित प्रतिशत अनुदान दिने गरेकोमा यस स्थानीय तहले शत प्रतिशत अनुदान दिएको छ भने अनुदान दिएकोमा सामान्य वितरणका कार्यक्रम मात्र संचालन गर्ने गरी गैर व्यवसायीक कृषकलाइ मात्र अनुदानको कार्यक्रम सन्चालन भएको देखियो। व्यवसायिक कृषकलाइ मध्यनजर गरी अनुदानका कार्यक्रम सन्चालन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१५</td><td>रेडक्रशलाइ भुक्तानीः आर्थिक कार्यविधि नियमावली, २०६४ मा अन्य प्रयोजनको लागि रकम खर्च गर्न नहुने उल्लेख छ। कार्यालयले रेडक्रश शाखालाइ भौ नं १८९ वाट उक्त सोसाइटीको अधिवेशनको लागि रु ३००००। भुक्तानी गरेको छ। नेपाल रेडक्रश सोसाइटी एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था भएको र यसको आफ्नै श्रोत तथा खर्च हुने अवस्थामा उक्त कुराको ख्याल नगरी रेडक्रशलाइ रकम भुक्तानी गर्नु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१६</td><td>उपभोक्ता समितिमार्फत खरिदः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा निर्माणका कार्य मात्र उपभोक्ता समितिमार्फत गराउनुपर्ने उल्लेख भएकोमा कार्यालयले विभिन्न कृषि अनुदानका कार्यक्रम समेत उपभोक्ता समिति गठन गरी खरिद गरी अनुदान दिएको साथै अन्य खरिद समेत उपभोक्ता समिति मार्फत गरेको देखियो। निर्माणको कार्य वाहेक सामानहरु समेत उपभोक्ता समितिमार्फत खरिद गर्नु उचित देखिएन भने उक्त काम सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रतिकुल समेत देखियो। कार्यालयले सामानहरु वोलपत्रमार्फत खरिद गरी वितरण गर्नुपर्नेमा तथा कार्यक्रमको हकमा आफै सन्चालन गर्नुपर्नेमा शत प्रतिशत खर्च कार्यालयले व्यहोर्ने काममा समेत उपभोक्ता समितिमार्फत खरिद गरि भुक्तानी दिनु अनियमित देखिएको रु
<table>
<tr><th>भौ नं र मिति</th><th>उपभोक्ता समितिको नाम तथा कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१९०</td><td>कागती, आँप, केरा, अदुवा ओखर उपभोक्ता समितिमार्फत केरा तथा ओखर आदि खरिद</td><td>४९०४००</td></tr>
<tr><td>२०९</td><td>वेन्चेत वाखा वितरण कार्यक्रम उपभोक्ता समितिले चेतनशिल कृषि तथा पशुपंक्षी फर्मवाट वाखा खरिद</td><td>१५००००</td></tr>
</table>
</td><td>४३३६३९८</td></tr>
</table>

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| २०८ | वडामा कार्यरत सरकारी कर्मचारी तथा जनप्रतिनिधिहरुलाइ क्षमता विकास तालिम उपभोक्ता समिति मार्फत तालिम | ३८४००० |
| २४५ | होमस्टे कुक तथा सामान खरिद उ समिति मार्फत म्याट्रेस तथा फर्निचर खरिद | २००००० |
| ३०७ | जिविको उपार्जन कार्यक्रम वाखा खरिद तथा वितरण उपभोक्ता समितिमार्फत वाखा तथा वोका खरिद | ३९९५९६ |
| १९९ | वालविवाह न्युनिकरण कार्यक्रम उपभोक्ता समिति | २६०००० |
| १९८ | वालवालिका पोषण कार्यक्रम उपभोक्ता समिति | २००००० |
| १९० | निरन्तर मुल्यांकन सिकाइ उपलव्धी तालिम उ स | ४००००० |
| १९६ | महिला नेतृत्व क्षमता विकास अभिवृद्दि तालिम उपभोक्ता समिति | ३१७४०२ |
| २१९ | महिला नेतृत्व क्षमता विकास तालिम उ स | २००००० |
| २१२ | फापर खेती विस्तार उ स | २११००० |
| २११ | सतुवा खरिद गरी वितरणको लागि हारच्युक वहुउद्देश्यीय कृषि उपभोक्ता समितिलाइ भुक्तानी | १००००० |
| २२६ | विपन्न तथा दलित वालवालिकालाइ झोला वितरण उ स मार्फत झोला खरिद तथा वितरण | १५०००० |
| २२४ | वडास्तरीय अल्लो प्रशोधन कार्यक्रम प्रशोधन कार्यक्रम उ स मार्फत चर्खा लगायतको खरिद | ४८०००० |
| २२३ | काशीगाउँ डष्टविन खरिद उ स मार्फत डष्टविन खरिद | ८०००० |
| २२२ | स्थानीय प्रविधिद्धारा फोहरमैला व्यवस्थापन उ स मार्फत डष्टविन तथा मग खरिद | ३१४००० |
| | जम्माः | ४३३६३९८ |

१७

**तालिम सन्चालनः** कार्यलयले भौ नं २०८ वाट वडामा कार्यरत सरकारी कर्मचारी तथा जनप्रतिनिधिहरुलाइ क्षमता विकास तालिम उपभोक्ता समिति मार्फत तालिम दिएकोमा रु ३८४०००। खर्च गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् :

- ३ दिनको तालिम सन्चालन गरेकोमा कुल ३० उपस्थित भएको भनि प्रति दिन रु ५००। को दरले रु ४५०००। उपस्थितलाइ भत्ता दिएको देखिन्छ। ।अर्थ मन्त्रालयले तयार गरेको कार्यसन्चालन निर्देशिका, २०७५ मा यातायात नचल्ने स्थानमा आतेजाते गरी एकमुष्ट रु ५००। मात्र भुक्तानी दिन मिल्ने व्यवस्था रहेकोले उक्त निर्देशिका अनुसार कुल ३० जना सहभागिलाइ रु १५०००। मात्र भुक्तानी दिन मिल्नेमा उक्त रकम भन्दा रु ३००००। वढी भुक्तानी गरेको देखिन्छ।
- कार्यसन्चालन निर्देशिका, २०७५ मा सहजकर्ता प्रशिक्षकलाइ प्रति कक्षा रु १४००। को दरले भत्ता दिन मिल्नेमा कार्यालयले दुइ प्रशिक्षकलाइ कुल रु ४५०००।(श्री वालकृष्ण लामिछानेलाइ रु २५०००। तथा केदार लामिछानेलाइ रु २००००।) दिएको छ।नर्म्स अनुसार प्रति कक्षा १४००। को दरले ३ दिनको रु १६८००। भुक्तानी दिनुपर्नेमा रु ४५०००। भुक्तानी दिएकोले वढी भुक्तानी भएको रु २८२००। असुल गर्नुपर्दछ भने निर्देशिका अनुसार ३ दिनको तालिमको लागि प्रतिवेदकलाइ रु २०००। भत्ता दिन मिल्नेमा रु ५०००। दिएकोले वढी भुक्तानी रु ३०००। समेत असुल गर्नुपर्ने रु ३१२००
- उक्त तालिम अनुगमन गरेको भनि रु १८०००। अनुगमन भत्ता दिएको छ। अनुगमन भत्ता भनि रकम भुक्तानी गर्न मिल्ने कानूनी व्यवस्था नभएकोमा यसरी भत्ता दिनु उचित देखिएन।

खाजामा ठुलो रकम खर्च गरेको छ। खाना खुवाएको भनि रकम भुक्तानी गरेकोमा विहान देखि नै कार्यक्रम सन्चालन गरेको खुल्ने तालिका पेश गरेको छैन।

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>१८</td><td>निरन्तर सिकाइ तालिम सन्चालनः कार्यलयले भौ नं १९० वाट वडा नं ६ को कार्यक्रम अन्तर्गत निरन्तर मुल्यांकन सिकाइ उपलव्धी तालिम उपभोक्ता समिति गठन गरी सोही समिति मार्फत तालिम दिएकोमा रु ४०००००। खर्च गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् :<br>• २ दिनको तालिम सन्चालन गरेकोमा कुल ४२ उपस्थित भएको भनि प्रतिदिन रु ८००। को दरले रु ८६५००। उपस्थितलाइ यातायात भत्ता दिएको देखिन्छ। ।अर्थ मन्त्रालयले तयार गरेको कार्यसन्चालन निर्देशिका, २०७५ मा यातायात नचल्ने स्थानमा आतेजाते गरी एकमुष्ट रु २००। मात्र भुक्तानी दिन मिल्ने व्यवस्था रहेकोले उक्त निर्देशिका अनुसार कुल ४२ जना सहभागिलाइ रु ८४००। मात्र भुक्तानी दिन मिल्नेमा उक्त रकम भन्दा रु ७८१००। वढी भुक्तानी गरेको देखिन्छ।नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।<br>• कार्यसन्चालन निर्देशिका, २०७५ मा स्टेशनरी वापत प्रति सहभागि रु १००। को दरले खर्च गर्ने उल्लेख भएकोले कुल ४२ सहभागिलाइ कुल ४२००। मात्र खर्च गर्नुपर्नेमा रु ३६०। को दरले ५० थान डायरी खरिद गरि रु ४८०००। भुक्तानी गरेको देखियो। निर्देशिकाले भन्दा रु ४३८००। वढी खर्च गरेको रकम असुल गर्नुपर्ने रु<br>• कार्यसन्चालन निर्देशिका, २०७५ मा विविध (प्रमाणपत्र तुल पानी आदिको लागि) मा रु २०००। खर्च गर्न मिल्नेमा प्रमाणपत्रमा मात्र १९५००। खादामा रु १९५००। तथा उदघाटनमा रु ३००००। खर्च गरेको छ। यसरी हेर्दा निर्देशिकाले गरेको व्यवस्था भन्दा रु ६७०००। वढी खर्च गरेको देखियो। यसरी नर्म्स वेगर वढी खर्च गरेको रकम सम्वन्धीतवाट असुल गर्नुपर्ने रु<br>• खाजामा ठुलो रकम रु ९९०००। खर्च गरेको छ। खाना खुवाएको भनि रकम भुक्तानी गरेकोमा विहान देखि नै कार्यक्रम सन्चालन गरेको खुल्ने तालिका पेश गरेको छैन।</td><td>४३८००।<br><br>६७०००।</td></tr>
<tr><td>१९</td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट देहायका विद्यालयलाइ शिक्षक दरवन्दी पर्याप्त नभएको भनि तलवको लागि रकम निकासा गरेको पाईयो । आवश्यक भए दरवन्दी स्वीकृत गर्ने तर्फ पहल गर्नुपर्नेमा दरवन्दीभित्र नपरेका शिक्षकहरुको लागि तलव भत्ता दिने गरी अनुदान दिएको देखियो। यस्तो प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।<br>
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>४</td><td>निजी श्रोतका शिक्षकलाइ तलव भत्ता भुक्तानी ( जसमा माविको लागि मासिक रु २९०००।, निमाविको लागि रु २००००। प्राविको लागि रु १८०००। तलव)</td><td>३००००००</td></tr>
<tr><td>७३</td><td>निजी श्रोतका शिक्षकलाइ तलव भत्ता भुक्तानी</td><td>२२३००००</td></tr>
<tr><td>१४४</td><td>निजी श्रोतका ३२ शिक्षकलाइ तलव भत्ता भुक्तानी</td><td>१५०००००</td></tr>
<tr><td>२४७</td><td>निजी श्रोतका शिक्षकलाइ तलव भत्ता भुक्तानी</td><td>३०३००००</td></tr>
<tr><td>२४६</td><td>निजी श्रोतका शिक्षकलाइ तलव भत्ता भुक्तानी</td><td>७५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०५१००००</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २० | **विजक वेगर भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका विल भर्पाइ सहितको लेखा राखुपर्ने उल्लेख छ। कार्यालयले भौ नं ३७३ वाट वर्ल्डलिंक कम्युनिकेशन्स प्रालिलाइ रु १५००००। भुक्तानी दिएकोमा सो को कर विजक पेश नभएकोले सक्कल विल विजक पेश गर्नुपर्ने रु | १५०००० |
| २१ | **औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा औषधी खरिद गर्दा रु ५० लाख सम्मको लागत अनुमान भएको औषधी खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्नेमा कार्यालयले लागत अनुमान तयार नगरी शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गरेको छ। जसमा विभिन्न औषधी खरिद गर्नेगरी प्रति इकाइ दर निकालेकोमा उक्त प्रति इकाइ दरलाइ जोडि सवैभन्दा कम जोड आउने चिराग फार्मेशीवाट खरिद गरी रु २६४००००। (पालिका चालुवाट रु १९९००००। तथा शशर्तवाट रु ६५००००।) भुक्तानी गरेको छ। प्रति इकाइ दरलाइ जोडि सवैभन्दा कम जोड आउनेसँग खरिद गर्दा कम चाहिने सामानको कम दर रेट हाल्ने र वढी आवश्यक सामान वढी मुल्य राखी दररेट पेश हुने सम्भावना रहन्छ। यसरी लागत अनुमान तयार नगर्ने, इकाइ दर लाइ आधार मानि खरिद गर्ने भए जुइ इकाइको लागत कम पेश हुन्छ सोहिसँग खरिद गर्नुपर्नेमा यसरी समेत खरिद नगर्नु उचित देखिएन। इकाइगत रुपमा खरिद गरेको भए अर्को फर्मले केही आइटममा कम दर पेश गरेको अवस्थामा मितव्ययी हुने तर्फ कार्यालयले ध्यान दिएको देखिएन। यसरी लागत अनुमान तयार नगर्ने तथा इकाइ दर संझौता नगरी सामान खरिद गर्नु अनियमित देखिएको रु | २६४०००० |
| २२ | शशर्त पुजीगत तर्फः<br>**सोलार लाइट खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५ लाख भन्दा वढीको खरिद गर्दा सिलवन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने तथा नियमावलीको नियम ३१ मा रु २० लाख भन्दा वढीको खरिद गर्दा वोलपत्रको माध्यमवाट गर्नुपर्नेमा सो नगरी देहायका बिभिन्न फर्महरुबाट सोलारका सामानहरु सिधै खरिद गरिएको तथा सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एउटा आपूर्तिकर्तासंग सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने उल्लेख भएकोमा उक्त कार्य नियमावलीमा भएको व्यवस्थाको विपरीत देखिन्छ। प्रतिस्पर्धात्मक हिसावले खरिद गर्ने गरी कार्य अगाडी वढाएको खण्डमा खर्चमा मितव्ययीता हुने तर्फ कार्यालयले ध्यान दिएको देखिएन। यसरी नियमावलीमा भएको व्यवस्था विपरीत सामान खरिद गर्नु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ।<br>भौ नं — खरिदको विवरण — भुक्तानी रकम<br>२६ — शिट्ला इन्जिनियनरीङ प्रालिवाट सोलार लाइट जडान — ४९७६६८<br>२४ — रम्भा टेक्निकल एण्ड इन्फरमेशन टेक्नोलोजीवाट सोलार लाइट जडान — ४८८०३५<br>२५ — मनकामना इनर्जि सप्लायर्सवाट सोलार लाइट जडान — ४९७१७१<br>जम्मा — १४८२८७४ | |
| २३ | **अनुसन्धान तथा परामर्शः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स गत बर्षको नर्म्स सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ।कार्यालयले यसको अध्ययन नगरी लागत अनुमान वेगर देहायको काम गरेको छः | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| भौ नं | भुक्तानी पाउनेको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २३ | ब्रिक कन्सल्ट प्रा लि | कोल्ड स्टोरको डिपिआर | ९९२१४० |

**यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:**

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्श दाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निसर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेशनल ल्याविलिटी इन्सोरेन्स) पेश गर्नु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८०(७) मा उल्लेख भएकोमा यस कामको लागि वीमा गरेको छैन।
- माथि उल्लेखित कामको लागि लागत अनुमान तयार नै नगरी ३ फर्मसँग दररेट माग गरी छनोट गरेको छ। लागत अनुमान तयार नै नगरी परामर्शदाता छनोट गर्नु उचित देखिएन।
- दुइ वटा विल्डिङमा क्रमशः ३०५ र १०५ मे टनको कोल्ड स्टोरको क्षमता रहने गरी कुल रु ५८५७०२२८। को लागत अनुमान लाग्ने गरी डिपिआर तयार भएको देखिन्छ। उक्त डिपिआर अनुसार कुल १०५ मे टनको लागि रु ७३९८६२५। को २०७७।७८ मा संझौता भइ काम शुरु भएको अवस्था छ।कुल ४१० मे टन क्षमताको लागत अनुमान तयार भइसकेपछि पनि १०५ मे टनको लागि मात्र वोलपत्र आह्वान गर्नु उचित देखिएन। यसले आवश्यकता भन्दा वढीको डिपिआर मात्र गरी डिपिआरमा वढी खर्च हुने अवस्था श्रृजना भएको छ। अतः कार्यान्वियन हुने काम मात्र गर्ने गरी डिपिआरको लागि परामर्श सेवा लिनुपर्दछ।

२४ **मूल्य अभिवृद्धि कर दाखिला नगरेकोः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग वमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करार अन्तरगत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहायअनुसारको भुक्तानीमा मुअकर कट्टा नगरेकोले उक्त रकम असुल गर्नुपर्ने रु ११४०४६

| गो भौ नं/मिति | फर्मको नाम | खरिदको किसिम | कुल भुक्तानी | मु .अ. कर | ५० प्र.मु.अ कर रकम |
|---|---|---|---|---|---|
| शशर्त अनुदान तर्फः | | | | | |
| २३ | ब्रिक कन्सल्ट प्रा लि | परामर्श सेवा | ९९२१४० | ११४१४० | ५७०७० |
| पुजीगत तर्फः | | | | | |
| ११७।०७७।३।२९ | क्ले इन्जिनियरिङ्ग कन्सलटेन्सी | गा.पा भवन निर्माण कार्यको जियोलजिकल सर्भे | ४९५५०५ | ५७००५ | २८५०३ |
| ११८।०७७।३।२९ | इम्पल्स कन्सल्टेन्सी प्रा.लि | प्रभात करण मा वि को मेघा सुकुल निर्माण कार्यको जियोलजिकल सर्भे | ४९५००० | ५६९४७ | २८४७३ |
| जम्मा | | | १९८२६४५ | २२८०९२ | ११४०४६ |

२५ मेशिनले वाटो खनेकोमा मानिसले नाली खनेको देखाइ भुक्तानीः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले सडक खन्ने योजनाको लागि कडा माटो काट्ने तथा नरम, कडा चट्टान खन्ने कार्यको दर राखी ल ई तथा मुल्यांकन गरेको छ तर सोही चेनेजको नाली खन्ने काममा ज्यामीको दर राखी भुक्तानी गर्ने गरेको छ। सडक खन्ने कार्य मेशिनवाट गर्दा सो सडकको नाली खन्ने कार्य समेत स्वतः मेशिनवाट

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरिनेमा देहाय बमोजिमको कार्य गर्दा वाटोको काम मेशिनले खनेकोमा नालीको काम मानिसले खनेको देखाउदा वढी खर्च लेखेको देखिएकोले वढी भुक्तानी हुन गएको रकम असुल गर्नुपर्ने रु | ५०९७८३ |

| गो.भौ.\| मिति | योजनाको नाम तथा कामको विवरण | परिमाण (घ.मी.) | लिइएको दर | लिनुपर्ने दर | फरक दर | उ.स.को योगदान | वढी रकम |
|---|---|---|---|---|---|---|---|
| मर्मत संभार कोष तर्फः | | | | | | | |
| २ | माछिखोला गुम्दा लाप्राक वारपाक सडक मर्मत | ४८६ | ५९४.८३ | ६६.५ | ५२८.३३ | १५.०६६ | २१८०८३ |
| पुर्वाधार विकास साझेदारी तर्फ | | | | | | | |
| २ | गुम्दापौटु लापुगाउँ लापुवेश सडक स्तरोन्नती | ६४० | ५९४.८३ | ६६.५ | ५२८.३३ | १३.७३२ | २९१७०० |
| | जम्मा | | | | | | ५०९७८३ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २६ | **पुर्वाधार विकास साझेदारी तर्फः** **वढी दर राखी भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा लागत अनुमान तयार गर्नुपर्ने र सोहि नियमवली को नियम १२३ वमोजिम नाप जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख भएकोमा कार्यालयले गुम्दापौटु लापुगाउँ लापुवेश सडक स्तरोन्नतीको लागि भौ नं २ वाट कुल ३७९५२०७। भुक्तानी भएकोमा देहायको आइटममा देहायअनुसार लागत अनुमान भन्दा वढी दरले भुक्तानी भएकोले उपभोक्ताको अंश कट्टा गरी वाँकी रकम असुल गर्नुपर्ने रु | ३८८४७ |

| कामको विवरण | लागत अनुमान अनुसारको दर | भएको कुल काम (घनमिटरमा) | भुक्तानी भएको दर | उपभोक्ताको योगदान % | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| कडा चट्टान खन्ने काम | १६३४.४ | ६०८.१२५ | १६८६.५ | १३.७३ | २७३३३ |
| मध्यम चट्टान खन्ने काम | ५४४.८३ | ७६९.८८१ | ५६२.१६७ | १३.७३ | ११५१५ |
| | | | | | ३८८४७ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २७ | **नियमावली विपरीत खर्चः** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को बुँदा नं.८(२) मा सामग्री खरिद गरी वितरण गर्न, गैर सरकारी संस्था वा सहकारी संस्था मार्फत आयोजना कार्यान्वयन गर्न र भौतिक पूर्वाधार विकास बाहेक अन्य प्रकृतिका आयोजना छनौट गर्न नपाईने व्यवस्था रहेको छ । कार्यालयले माछिखोला सामुदायिक भवन उ स लाइ भवन वनाउनको लागि रु १६५९०७२ को लागत अनुमान तयार गरेकोमा कुल कामको रु १६७१५२८। भुक्तानी गरेको छ। तर लागत अनुमानमा सवै निर्माणको काम गर्ने उल्लेख भएकोमा कार्यसम्पन्न हुँदा देहायअनुसारको सामान खरिद गरेको देखियो। पुर्वाधार विकास साझेदारीवाट निर्माण वाहेकको अन्य कार्य गराउन नहुने अवस्थामा सामान खरिदको लागि देहायअनुसार खर्च गरेकोले उक्त रकम अनियमित देखिएको रु | ४५०००० |

| खरिदको विवरण | रकम |
|---|---|
| फर्निचर खरिद | ३५०००० |
| प्रोजेक्टर खरिद | ७०००० |
| साउण्ड सिष्टम खरिद | ३०००० |
| जम्मा | ४५०००० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २७.१ | साथै सोही भवन निर्माण अन्तर्गत शौचालय निर्माण गरेको भनि रु ५०५६२९। को काम गरेकोमा नापीमा काम गरेको उल्लेख छैन भने कार्यसम्पन्न प्रतिवेदनमा समेत आइटम नखुलाइ एकमुष्ट रुपमा ट्वाइलेट एक काम भनि रकम मात्र उल्लेख गरेको छ। नापी किताव तथा आइटम नखुल्दा काम भयो भन्न सक्ने अवस्था रहेन।अतः नापी भएको विवरण पेश गर्नुपर्ने रु | ५०५६२९ |
| | पालिका पूँजीगत खर्च शिर्षक तर्फः | |
| २८ | **लागत अनुमानको यथार्थताः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा लागत अनुमान तयार गर्नुपर्ने र सोहि अनुसार १२३ वमोजिम नाप जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले पुर्वाधार विकास साझेदारी अन्तर्गत हिमाली आमा समुह पुर्वाधार विकास उ स लाइ भवन निर्माणको लागि रु ९ लाख ६० हजार भुक्तानी गरेको छ। लागत अनुमान तयार गर्दा पिसिसी वर्कको लागि १.९५ घन मिटरको कार्य गर्ने उल्लेख गरेकोमा अन्तिम भुक्तानी हुदा १६.३२ वर्ग मिटरको कार्य भएको देखिन्छ भने सिजिआइ सिटको लागि लागत अनुमानमा ४०१.२३ वर्ग मिटरको कार्य उल्लेख भएकोमा अन्तिम नापि हुँदा ११९.२३ घनमिटरको मात्र कार्य भएको (प्रति घनमिटर रु १४४८७।१९ को दर) देखियो। भवन निर्माणमा लागत अनुमानको तुलनामा खासै फरक नपर्ने अवस्थामा लागत अनुमान भन्दा धेरै फरक पर्ने गरी कार्यसम्पन्न भएको देखिदा लागत अनुमान वस्तुनिष्ठ देखिएन। लागत अनुमान तयार गर्दा विशेष ध्यान दिनुपर्दछ। | |
| २९ | **विभिन्न निर्माण कार्यमा बढी भुक्तनीः** सार्वजनिक खरिद नयमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक नाप जाँचगरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तनी दिनु पर्ने उल्लेख छ। यस पालिका बाट खरिद सम्झौता भै निर्माण कार्य भएका र निर्माण सम्पन्न भाएका योजनाका उपभोक्ता समिति र फर्म हरुलाई रनिङ्ग विल तथा अन्तिम विलको भुक्तानी गर्दा केही आइटमहरुको दर रेट फरक पारी भुक्तानी दिएको र केही आइटमहरुको वास्तविक कार्य सम्पादन भएको भन्दा बढी हुने गरी भुक्तानी दिएको पाइयो। सम्झौताको शर्त, दर विश्लेषणको आधार, प्राविधिक मुल्यांकन तथा नापी कितावमा उल्लेखित भन्दा बढी हुने गरी भुक्ती दिएको व्यहोरा यस प्रकार छनः | |
| २९.१ | झ्याल ढोकामा प्रयोग हुने सल्ला काठको फ्रेम तथा छानामा प्रयोग गरिने सल्ला काठको विम तथा पर्लिन को दर विश्लेषण परिक्षण गर्दा प्रति क्युविक मिटर रु १२८३३८।७९ हुने पालिकाको दर विश्लेषण पुस्तिकामा उल्लेख छ। पालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराएका सामुदायिक भवन, आमा समुह, वडा कार्यालय, स्वास्थ्य चौकी आदिको खर्च रकमको श्रेस्ता, रनिङ्ग विल नापी किताव परिक्षण गर्दा तपसिलका निर्माण कार्यको झ्याल ढोकाको फ्रेम छानाको विममा प्रयोग को लागत अनुमानको कार्य विवरण खण्डमा लोकल काठ उल्लेख भएकोमा पालिकाले दर विश्लेषण अनुसार सल्ला काठको फ्रेम तथा विमको दर विश्लेषणबाट तय भएको दरले खर्च लेख्नु पर्नेमा फरक दर राखी खर्च लेख्दा रु २४९९८७। बढी भुक्तानी भएको छ। दर विश्लेषण बाट तय भएको दर भन्दा बढी दर राखी खर्च लेख्दा बढी भुक्तानी भएको रकम असुल हुनु पर्ने रु | २४९९८७ |

| गो भौ नंर मिति | निर्माण कार्य | झ्याल ढोकाको फ्रेम र छानाको विममा प्रयोग भएको सल्ला काठको परिमाण | दिइएको दर | स्वीकृत दर | फरक दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| २६।०७७।२।३२ | लामावेशी गाउँघर क्लीनिक भवन निर्माण | २.४३ घामी | १६७१५६.५८ | १२८३३८.७९ | ३८८१८ | ९४३२७ |
| २६।०७७।२।३२ | लप्सीकोट आमा समुहको भवन निर्माण | ०.०८ घामी | १६७१५६.५८ | १२८३३८.७९ | ३८८१८ | ३१०५ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६९।०७७।३।१४ | चर्च घर चर्पि निर्माण | ०.३४ घामी | १६७१५६.५८ | १२८३३८.७९ | ३८८१८ | १३१९८ |
| ७२।०७७।३।१४ | दलित गाउँ दुर्गा मन्दिर नर्माण | ०.६९ घामी | १६७१५६.५८ | १२८३३८.७९ | ३८८१८ | २६७८४ |
| ७८।०७७।३।१५ | तातोपानी कृषि सहकारी व्यवस्थापन र शौचालय | ०.५१ घामी | १६७१५६.५८ | १२८३३८.७९ | ३८८१८ | १९७९७ |
| ८०।०७७।३।१५ | माथिल्लो गाउँ सामुदायिक भवनमा चर्पि नर्माण | ०.२१ घामी | १६७१५६.५८ | १२८३३८.७९ | ३८८१८ | ८१५२ |
| ८८।०७७।३।२१ | लाक्पाल सामुदायिक भवन नर्माण | २.०९ घामी | १६७१५६.५८ | १२८३३८.७९ | ३८८१८ | ८११३० |
| ९५।०७७।३।२२ | खोला स्वास्थ चौकी सामुदायीक चर्पि निर्माण | ०.०९ घामी | १६७१५६.५८ | १२८३३८.७९ | ३८८१८ | ३४९४ |
| जम्मा | | | | | | २४९९८७ |

२९.२ पालिकाले दर विश्लेषण गरी तय गरेक दर विश्लेषण पुस्तिकामा एक्साभेटर द्धारा कडा माटो खनेको प्रति घ.मी रु ६६.५०,मध्यम चट्टान प्रति घ.मी रु ४२९।१० कडा चट्टान (बकेट प्रयोग) प्रति घ.मी रु ५४४.८० र कडा चट्टान (ब्रेकर प्रयोग ) प्रति घ.मी रु १३०९।१६ उल्लेख छ। स्रेस्ता परिक्षण गर्दा केही योजनामा माथि उल्लेखित दर भन्दा बढी दर मा लागत अनुमान तयार गरी खरिद कार्य गर्दा तपसिल बमोजिम रु ३१४६३१५। बढी भुक्तानी भएको छ। तर विश्लेषण बाट तय भएको दर भन्दा बढी हुने गरी खरिद कार्य गरेको कारण बढी भुक्तानी भएको छ। बढी भुक्तानी सम्बन्धमा प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाई सम्बन्धित उपभोक्ता समित बाट असुल हुनु पर्ने रु ३१४६३१५

| गो भौ नं/मिति | योजनाको नाम | निर्माण कार्यको विवरण | परिमाण (घ.मी) | लिइएको दर | विश्लेषण दर | फरक दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| ३५।०७७।३।३ | माछीखोला लामाबगर मोटर बाटो निर्माण | ब्रेकर लगाई कडा चट्टान निकाल्ने कार्य | १०९०.५४ | १६८६.५० | १३०९।१६ | ३३७।३४ | ३६७८८३ |
| | | सडकमा मध्यम चट्टान खन्ने कार्य | १८१४।३४ | ५६२।१७ | ४२९।१० | १३३।०७ | २४१४३४ |
| | | | | | | | **६०९३१७** |
| ६१।०७७।३।१२ | काला गाउँ देखि तासम सडक स्तोरन्नति कार्य | सडकको नालीकमा कडा माटो खन्ने कार्य | ३१५ | ५९४।८३ | ६६।५ | ५२८।३३ | १६६४२४ |
| | | सडकमा मेशिनको बकेट बाट कडा चट्टान खन्ने कार्य | ११४।३३ | १६३४।४ | ५४४।८ | १०८९।६ | १२४५७४ |
| | | | | | | | **२९०९९८** |
| ७९।०७७।३।१५ | खोदराङ्ग देखि लिपिङ्ग पाखा प्लासिङ्ग चौतारा जाने मोटर बाटो निर्माण | कडा चट्टान ( ब्रेकर प्रयोग) | २९७८।२५ | १६८६।५० | १३०९।१६ | ३७७।३४ | ११२३८१३ |
| | | मध्यम चट्टान खन्ने कार्य | ८६२।०८ | ५६२।१७ | ४२९।१० | १३३।०७ | ११४७१७ |
| | | | | | | | **१२३८५३०** |
| ८७।०७७।३।१८ | कोशाकाङ्ग कलङ्ग छेपे चौतारा देखि उहिया गाउँ सम्मको मोटर बाटो निर्माण | ब्रेकर प्रयोग गरी कडा चट्टान खन्ने कार्य | २२१२।५० | १६८६।५० | १३०९।१६ | ३७७।३४ | ८३४८६५ |
| | | मध्यम चट्टान खन्ने कार्य | १०५१।५० | ५६२।१७ | ४२९।१० | १३३।०७ | १३९९२३ |
| | | | | | | | **९७४७८८** |
| ९६।०७७।३।२२ | नयाँ बस्ती बाट प्रस्तावीत मेघा विद्यालय जाने बाटो | कडा चट्टान ब्रेकर प्रयोग गरी खन्ने कार्य | २८।०१ | १६३४।४० | १३०९।१६ | ३२५।२४ | ९११० |
| | | मध्यम चट्टान खन्ने कार्य | २१०।९७ | ५४०।८३ | ४२९।१० | १११।७३ | २३५७२ |
| | | | | | | | **३२६८२** |
| जम्मा | | | | | | | **३१४६३१५** |

२९.३ ११२।०७७।३।२६ पालकाको वडा नं १ मा चिम्नी हुड चुलो खरिद तथा ढुवानी कार्यको रु ७११६५३। मुल्यांकन गरी उपभोक्ता समिति लाई रु ६०७१५०। भुक्तानी भएको छ। पालिकको तयार गरेको दर विश्लेषण मा प्रति चिम्नी हुड चुलो ४५००। उल्लेख गरी लागत अनुमान तयार गरी सम्झौता भएकोमा प्रति

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>चुलो रु ५०८५ ले मुल्यांकन गरी भुक्तानी गर्दा १०८ चिम्नी हुड चुलोमा प्रति चुलो रु ५८५ का दरले रु ६३१८०। बढी खर्च भएको छ। दर विश्लेषण गरी तय गरेको लागत अनुमानमा उल्लेखित दर भन्दा बढी हुने गरी खर्च लेखेको कारण बढी भुक्तानी भएको उक्त रकम असुल हुनु पर्दछ।रु
<table>
<tr><th>विवरण</th><th>परिमाण</th><th>लिइएको दर</th><th>लागत अनुमानको दर</th><th>फरक दर</th><th>बढी रकम</th></tr>
<tr><td>चिम्नी हुड चुलो</td><td>१०८ गोटा</td><td>५०८५</td><td>४५००</td><td>५८५</td><td>६३१८०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td>६३१८०</td></tr>
<tr><td>२९.४</td><td>४४।०७७।३।७ हुल्चुक आधुनिक कृषि समुह फापर कफी वेसार तारजाली तथा घेराबारा कार्यको पालिकाले रु ८०१०७७। मुल्यांकन गरी उपभोक्ता समिति लाई रु ६७२०००।भुक्तानी गरेको छ। उक्त तारजाली घेरा वार गर्न ४०० वटा काठको पोल गाड्न खाल्टो खन्ने कार्यको लागि तपसिल बमोजिम २१।६० घामी खन्ने कार्यको लागि प्रति घामी रु ७९३।१० का दरले रु १७१३१। को नापी तथा मुल्यांकन गरी खर्च लेख्नु पर्नेमा नगर्नुपर्ने कामको नापी तथा मुल्यांकन गरी २९१।६० घ मी खर्च लेखेको ले २७० घामी बढी को रु २१४१३७। बढी खर्च लेखेको छ। नभएको कामको प्राविधिक नाप जाँच गरी बढी भुक्तानी भएको सम्बन्धमा संलग्न प्राविधिक लाई जिम्मेवार बनाई सम्बन्धित उपभोक्ता समिति बाट असुल हुनु पर्ने रु
<table>
<tr><th>ववरण</th><th>लइएको नाप र परिमाण</th><th>लनुपर्ने नाप र परिमाण</th><th>फरक परिमाण</th><th>दर</th><th>बढी रकम</th></tr>
<tr><td>वारवेड वेथरको ला ग ४०० वटा काठको पोल को ला ग खाल्डो खन्ने कार्य</td><td>४००*०.९*०.९*०.९= २९१.६० घ.मी</td><td>४००*०.३०*०.३०*०.३० =२१. घ.मी</td><td>२७० घ.मी</td><td>७९३.१० घ.मी</td><td>२१४१३७</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२१४१३७</td></tr>
</table></td><td>२१४१३७</td></tr>
<tr><td>२९.५</td><td>२१।०७७।२।२७ केरौजा स्वास्थय चौकीको निर्माण कार्यको रु ५७८२८३।को मुल्याङकन गरी उपभोक्ता समिति लाई रु ४८००००। भुक्तानी भएको छ। प्रस्तुत फाँटबारीमा ६० मीटर लम्बाइको स्टेभ मा ढुङ्गाको सोलिङ्ग गर्ने कार्यको ०।४५ मीटर मोटाई र ०.१ मीटर (१० से.मी) उचाईमा जम्मा २।९२५ घ मी को बोल्डर सोलिङ्ग को नापी गरी खर्च लेख्नु पर्नेमा ०।४० से मी मोटाई र ०।४० मीटर (०।४० से.मी) उचाई को जम्मा ११।७० घ.मी सोलिङ्ग गरेको नापी गरी प्रति घ मी रु ३२४७.०६ ले खर्च लेखेको पाइयो। गलत नापी तथा मुल्यंकन गरी खर्च लेख्दा नभएको ८.७७५ घ मी सोलिङ्ग को प्रति घ.मी रु ३२४७।०६ ले रु २८४९३। भुक्तानी भएको छ। बढी भुक्तानी भएको उक्त रकम असुल हुनुपर्ने रु
<table>
<tr><th>कामको ववरण</th><th>खर्च लेखेको नाप र परिमाण</th><th>लेख्नु पर्ने नाप र परिमाण</th><th>बढी परमाण</th><th>दर</th><th>बढी रकम</th></tr>
<tr><td>संढा ढुङ्गाको सो लङ्ग गर्ने कार्य</td><td>६५*०.४५*०.४०= ११.७घ.मी</td><td>६५*०.४५*०.१०= २.९२५घ.मी</td><td>८.७७५</td><td>३२४७.०६</td><td>२८४९३</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२८४९३</td></tr>
</table></td><td>२८४९३</td></tr>
<tr><td>३०</td><td>१९।०७७।२।२७ रुन्चेत माने निर्माण कार्यको रु ११५७४१४।मुल्यांकन गरी उपभोक्ता समिति लाई रु ९६००००। भुक्तानी भएको छ। यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छनः</td><td></td></tr>
<tr><td>३०.१</td><td>सिडिमा सोलिङ्ग गर्ने कार्य अन्तर्गत १५ से.मी (६ इन्च) पि.सि.सि गर्नु पुर्व ७ मिटर लम्बाई, ४५ सेन्टीमिटर चौडाई र १५ सेन्टीमिटर मोटाई को ढुङ्गा सोलिङ्ग गर्न ०.४७२५ घ.मी लाग्नेमा ४५ से.मी चौडाई र २ मीटर मोटाई गरेको देखाई ६.३० घ.मी वोल्डर सोलिङ्ग कार्यको प्रति घ.मी रु ३२४७.०६ ले रु २०४५६।</td><td>१८९२२</td></tr>
</table>

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | खर्च लेखेको छ। सिढिमा ढुङ्गा सोलिङ्ग,कार्यको मोटाई बढी लेखेको कारण नभएको ५.८२७५ घ.मी को रु १८९२२। बढी लेखेको रकम असुल गर्नुपर्ने रु | |

| कामको ववरण | लइएको नाप र परिमाण | लनुपर्ने नाप र परिमाण | फरक परिमाण | दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| स्टेभ मा ढुङ्गा सो लङ्ग कार्य | ६*०.४५*२=६.३० | ६*०.४५*०.१५= ०.४७२५ | ५.८२७५ | ३२४७.०६ | १८९२२ |
| | | | | | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३०.२ | २५ मिटर लामो सुख्खा ढुङ्गाको पर्खालमा १।५ मीटर उचाई र ४५ से मी चौडाईको नापी गर्नुपर्नेमा १।५ मीटर चौडाई नापी गरी खर्च लेख्दा तपसिल बमोजिम रु २०४३०३।बढी भुक्तानी भएको छ। बढी नापी गरी खर्च लेखेको उक्त रकम असुल हुनु पर्ने रु | २०४३०३ |

| कामको ववरण | लइएको नाप तथा परिमाण | लनु पर्ने नाप तथा परिमाण | फरक परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| २५ मटर लम्बाइको सुख्खा ढुङ्गाको पर्खाल लगाउने कार्य | २५*१.५*१.२५= ५६ घ.मी | २५*०.४५*१.५२= १७.१ घ.मी | ३९.९ घ.मी | ५१२०. ३८ | २०४३०३ |
| | | | | | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३०.३ | २२।०७७।२।२७ हुल्चुक गाउँ देखि इच्छा आ.वी सम्मको गोरेटे बाटो निर्माण कार्यको रु ३४५७८४। मुल्यांकन भई उपभोक्ता समिति लाई रु २८८०००। भुक्तानी भएको छ। कामको मुल्यांकन भएको उक्त गोरेटो बाटोको स्रेस्ता परिक्षण गर्दा १६० मीटर लम्बाई, १.७० मिटर चौडाई को खुटकिलामा १५ सेन्टीमिटर उचाई को ढुङ्गा सोलिङ्गको नापी गरी लेख्न पर्नेमा ३० सेन्टीमिटर उचाई नापी गरी खच लेख्दा तपसिल बमीजिम रु १३२४८०। बढी भुक्तानी भएको ५। बढी नापी गरी भुक्तानी भएको उक्त रकम सम्बन्धित उपभोक्ता समिति बाट असुल हुनु पर्ने रु | १३२४८० |

| कामको ववरण | लएको नाप तथा परिमाण | लनुपर्ने नाप तथा परिमाण | बढी परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| स्टेभ ढुङ्गा सो लङ्ग गर्ने कार्य | १६०*१.७०*०.३०= ८१.६ घ.मी | १६०*१.७०*०.१५= ४०.८ घ.मी | ४०.८० घ.मी | ३२४७.०६ | १३२४८० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३०.४ | २४।०७७।२।१७ गणेश हिमाल पदमार्ग बाटो निर्माण कार्यको रु १३२९४७१। को मुल्यांकन भई पालिकाले उपभोक्ता समितिलाई रु १०२३१०७। भुक्तानी दिएको छ। नापी किताब अनुसार ४०० मीटर लामो सिडिमा ९० सेन्टीमिटर चौडाई र २० सेन्टीमिटर मोटाईको सुख्खा ढुङ्गा विच्छाएको नापी देखाउनु पर्नेमा १ मिटर चौडाई र ५० सेन्टीमितटर उचाईको नापी गरी खर्च लेख्दा तपसिल बमोजिम रु ४८१६०० बढी भुक्तानी भएको छ। बढी नापी गरी खर्च लेखेको उक्त रकम असुल हुनु पर्ने रु | ४८१६०० |

| कामको ववरण | लएको नाप तथा परिमाण | लनुपर्ने नाप तथा परिमाण | बढी परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| सुख्खा ढुङ्गाको स्टेभ | ४००*१*०.५०= २०० घ.मी | ४००*०.९०*०.२०= ७२ घ.मी | १२८ घ.मी | ३७६२।५० | ४८१६००। |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३०.५ | २५।०७७।२।२८ दोभान माछापालन पोखरी निर्माण कार्यको रु ५६४५००।मुल्यांकन गरी पालिकाले उपभोक्ता सिमिति लाई रु ४४९८००। भुक्तानी दिएको छ। उक्त निर्माण कार्यको नापी किताब परिक्षण गर्दा ढुङ्गाको सोलिङ्ग कार्यमा १० से.मी मोटाई दिनु पर्नेमा ५० सेन्टीमिटर दिएको र पि.सि.सि (१:३:५) | |

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>कार्यको मोटाई १० सेन्टीमिटर दिनुपर्नेमा ३५ सेन्टीमिटर दिएको कारण ढुङ्गा सोलिङ्ग र पि.सि.सि सम्बद्ध आइटममा खपत परिमाण भन्दा बढी परिमाण नापी गरी तपसिल बमोजिम रु २१०९६२। बढी खर्च भएको देखिन्छ। नभएको कार्यको बढी नापी गरी खर्च लेख्दा बढी हुन गएको उक्त रकम असुल हुनु पर्ने रु
<table>
<tr><th>कामको ववरण</th><th>लएको नाप तथा परिमाण</th><th>लनुपर्ने नाप तथा परिमाण</th><th>बढी परिमाण</th><th>दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>ढुङ्गाको सो लङ्ग</td><td>८.५८*५.४८*०.५०=२३.५१ घ.मी</td><td>८.५८*५.४८*०.१०=४.७१ घ.मी</td><td>१८.८० घ.मी</td><td>३३२४७।०६</td><td>६१०४५</td></tr>
<tr><td>प. स. स (१:३:५)</td><td>८.५८*५.४८*०.३५=१६.४६ घ.मी</td><td>८.५८*५.४८*०.१०=४.७१ घ.मी</td><td>११.७५ घ.मी</td><td>१२७५८.८९</td><td>१४९९१७</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>२१०९६२</td></tr>
</table></td><td>२१०९६२</td></tr>
<tr><td>३०.६</td><td>३१।०७७।३।२ वाम्चोक प्लास्टीक ट्याङ्की निर्माण कार्यको रु ७४७३६०। को मुल्याङकन भई उपभोक्ता समिति लाई रु ६४७१२७। भुक्तानी भएको छ। उक्त निर्माण कार्यको लागत अनुमान र नापी किताब परिक्षण गर्दा ढुङ्गा सोलिङ्ग गर्ने कार्य लागत अनुमानमा ४५ सेन्टिमिटर चौडाई र १० सेन्टीमिटर मोटाई उल्लेख भएकोमा ६० सेन्टीमिटर चौडाई र २५ सेन्टीमिटर मोटाई नापी गरी खर्च लेख्दा तपसिल बमोजिम रु ४०९१३।बढी भुक्तानी भएको छ। बढी परिमाण नापी गर्दा बढी खर्च भएको उक्त रकम असुल हुनु पर्ने रु
<table>
<tr><th>कामको ववरण</th><th>ल.ई बमोजिमको नाप तथा परिमाण</th><th>लइएको नाप तथा परिमाण</th><th>बढी परिमाण</th><th>दर</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>ढुङ्गाको सो लङ्ग कार्य</td><td>१२०*०.४५*०.१०=५.४० घ.मी</td><td>१२*०.०६*०.०२५= १८ घ.मी</td><td>१२.६० घ.मी</td><td>३२४७।०७</td><td>४०९१३</td></tr>
</table></td><td>४०९१३</td></tr>
<tr><td>३१</td><td>उपभोक्ता समिति मार्फत सामान खरिदःसार्वजनिक खरिद नियमावलीको नियम ९७ मा निर्माण कार्य बाहेक मालसामान खरिदको कार्य लाभग्राही समुदाय वा उपभोक्ता समिति मार्फत गर्न नहुने उल्लेख छ। पालिकाले तपसिल बमोजिम रु ३०८०३८१। को सामाग्रि खरिद गर्ने गरी उपभोक्ता समिति संग सम्झौता गरी खर्च गरेको छ। उपभोक्ता मार्फत सामान खरिद सम्झौता गर्दा जनसहभागिताको अंश समेत नव्यहोरी कुल सम्झौता रकम भुक्तानी दिएको छ। खरिद नियमावलीको उपरोक्त व्यवस्था विपरित मालसामान खरिद कार्य उपभोक्ता समिति मार्फत गराएको र श्रमदान समेत नलिएको उक्त खरिद कार्य अनियमित देखिएको रु
<table>
<tr><th>गो भौ नं/मिति</th><th>विवरण</th><th>भुक्तनी रकम</th></tr>
<tr><td>३३।०७७।३।२</td><td>मकै तरकारी विउ विजन खरिद कार्य</td><td>३०००००</td></tr>
<tr><td>३४।०७७।३।३</td><td>सिङ्गला सामुदायिक भवनको फर्निचर खरिद कार्य</td><td>४८५७२१</td></tr>
<tr><td>४६।०७७।३।७</td><td>सामुदायिक होमस्टेको सामाग्री खरिद कार्य</td><td>४१९९५६</td></tr>
<tr><td>४७।०७७।३।७</td><td>सुर्यदेव आ वि को सामाग्रि खरिद कार्य</td><td>२०००००</td></tr>
<tr><td>४८।०७७।३।८</td><td>यार्सा सामुदायिक स्वाथ्य ईकायको फर्निचर खरिद कार्य</td><td>४८००००</td></tr>
<tr><td>५२।०७७।३।११</td><td>वडा भवन फर्निचर खरिद कार्य</td><td>४५१२००</td></tr>
<tr><td>८३।०७७।३।११</td><td>आलु चिप्स मेशिन खरिद कार्य</td><td>५०००००</td></tr>
<tr><td>१००।०७७।३।२३</td><td>दर्शन ढुङ्गा काट्ने मेशिन खरिद कार्य</td><td>२४३५०४</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३०८०३८१</td></tr>
</table></td><td>३०८०३८१</td></tr>
</table>

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३२ | **मुल्यांकन वेगरको क्षतिपुर्ति भुक्तानीः** पालिकाले अस्पताल क्षेत्रको तीन वटा घरहरुको क्षतिपुर्ति दिने प्रयोजनको लागि धार्चे सामुदायिक अस्पताल विकास समिति लाई रु २२८६९७६। निकासा दिएको छ। यस सम्बन्धमा स्रेस्ता फाइल परीक्षण गर्दा धार्चे अस्पताल क्षेत्रका तीन वटा घरहरुको क्षतिपुर्ति निर्धारण प्रकृया जग्गा प्राप्ति ऐन, २०६४ का प्रावधान अनुरुप नभएकोले जग्गा प्राप्त (खरिद) को कुल लागत रु ३८४६०००। को ४० प्रतिशतले हुन आउने (गा.पा.ले व्यहोर्ने) रकम रु १५३८४००। र क्षतिपुर्ते वापतको प्रति घर रु ३०००००। का दरले रु ९०००००। गरी गा.पा.ले निकासा (भुक्तानी) दिनु पर्ने जम्मा रु २४३२८४००। मध्ये अपुग रकम पहिलो किस्ता निकासा गर्ने गरी हालको लागि जम्मा रु २२८६९७६। भुक्तानी दिन नियमसम्मत नदेखिएको भनी लेखा शाखा र प्रशासकीय अधिकृत बाट मिति ०७६।१०।६ मा राय पेश भएको देखिन्छ। उपरोक्त भुक्तानी दिन नमिल्ले राय पेश भएतापनि गा.पा.ले कार्यपालिका बैठकको निर्णयले क्षतिपुर्ति वापतको उक्त रकम धार्चे सामुदायिक अस्पताललाई निकासा भएको देखिन्छ। क्षतिपुर्ति रकम धार्चे सामुदायिक अस्पताल विकास समितिलाई निकासा दिएता पनि जग्गा धनीको विवरण, जग्गा तथा घरको क्षेत्रफल, सोको मुल्यांकन नभएको र क्षतिपुर्ति प्राप्त गर्ने व्यक्तिले उक्त रकम प्राप्त नगरी अस्पतालको नाममा निकासा भएको देखिन्छ। जग्गा प्राप्ति ऐन २०३४ को प्रकृया पुरा नगरेकोले उक्त भुक्तानी अनियमित देखिएको रु | २२८६९७६ |
| ३३ | **मुल्यांकन वेगरको क्षतिपुर्ति रकमः** प्रभात किरण मा.वि लाई जग्गा खरिद वापत भौ नं ९४।०७७।३।२२ बाट यस बर्ष रु ७७४०००।भुक्तानी दिएको छ।यस सम्बन्धमा स्रेस्ता फाइल परिक्षण गर्दा लेखा शाखा र प्रमुख प्रशासकीय अधिकृत बाट मिति २०७७।२।२३ मा उक्त मा.वि को लागि जग्गा खरिद प्रकृया जग्गा प्राप्ति ऐन २०३४ अनुसार नभएको उल्लेख भएता पनि पालिकाको कार्यपालिका बाट निर्णय भए पश्चात पालिकाले रु ७७४०००। प्रभात किरण मा.वि लाई भुक्तानी दिएको छ। खरिद गरिएको भनिएको उक्त जग्गको क्षेत्रफल २२-०१-५-४ उल्लेख भएकोमा जग्गा प्राप्ति ऐन, २०३४ को प्रकृया पुरा नगरेकोले अनियमित देखिएको रु | ७७४००० |
| ३४ | **सोझै खरिदः** सार्वजनिक निकायले माल सामानको खरिद गर्ने पर्दा मालसामानको स्पेशिफिकेशनको अधिनमा रही लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमाली ०६४ को नियम ११ मा उल्लेख छ।भने सोही नियमावलीको नियम ८५(क) मा ५ लाख रुपैया लागत अनुमान भएको मालसामान मात्र सोझै खरिद गर्ने पाइने उल्लेख छ। पालिकाको कार्यालयले यस बर्ष पब्लिक ट्रेड लिङ्कको रु १२१८३१६। को विल बाट ल्याब सामाग्रि खरिद गरेको उल्लेख गरी मणिकाम देवी माध्यामिक विद्यालय लाई भुक्तानी दिएको छ। ल्याब सामाग्रि खरिद पुर्व लागत अनुमान तयार नगरेको ५ लाख भन्दा बढीको सामाग्रि सोझै खरिद कार्य गरेको र विक्रेता फर्मलाई ल्याव सामाग्रिको भुक्तानी नगरी मणिकाम देवी माध्यामीक विद्यालयको नाममा खर्च लेखेको सम्बन्धमा छानवीन गरिनु पर्ने देखिन्छ भने कानुनी विपरित भएको उक्त खरिद कार्य नियमसंगत देखिएन। यसमा सुधार गर्नुपर्दछ। | |
| ३५ | **लागत अनुमान वेगरको परामर्श सेवा** खरिदः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परापर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स आदि कुरालाई आधारमानी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले माथि उल्लेखित आधार वेगर तपसिलका दुई निर्माण कार्यको जियोलिजकल सर्भे कार्यको डि.पि.आर उल्लेख गरी परामर्शदाताले पेश गरेको डि.पि.आर को आर्थिक प्रस्ताव लाई मात्र आधार मानी मुल्यंकन पश्चात तपसिलका | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | दुईवटा सेवा लाई रु ९९०५०५। भुक्तानी गरेको छ। परामर्श सेवाको लागत अनुमान तयारी वेगर परामर्श दाताको आर्थिक प्रस्ताव स्वीकृत गरी खरिद कार्य गरेको कारण परामर्श सेवा खरिद कार्य यथार्थ परक नभएकोले पालिकाले गरेको सेवा खरिद कार्य नियमसंगत देखिएन। | |

| गो भौ नंर मिति | विवरण | परामर्श दाताको नाम | सम्झौता तथा भुक्तानी रकम |
|---|---|---|---|
| ११४।०७७।३।२९ | गा पा भवनको निर्माण कार्यको लागि जियोलोजिकल सर्भे कार्य | क्ले इन्जिनियरिङ्ग कन्सल्टेन्सि | ४९५५०५। |
| ११८।०७७।३।२९ | प्रभात किरण मा वि को मेघा स्कुल निर्माण कार्यको लागि जियोलोनिकल सर्भे कार्य | इम्पल्स कन्सल्टेन्ट प्रा लि | ४९५००० |
| जम्मा | | | ९९०५०५। |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३६ | **लागत अनुमान र विल विजक वेगरको भुक्तानीः**सार्वजिनक निकायले परामर्श सेवाको खरिद गर्नु पुर्व लागत अनुमान बनाउनु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा उल्लेख छ भने आर्थिक कार्यविधि नियमावली २०६४ को नियमा ३६(३) मा खर्च गर्दा विल भर्पाई सहित लेखा राखु पर्ने उल्लेख छ। पालिकाले माछि खोला देखि गणेश हिमाल सम्म साइनेज तथा म्यापिङ्ग कार्यको लागि मनास्लु फाण्डेशन लाई रु ७०००००। भुक्तानी दिएकोमा उक्त कार्यको लागि उपरोक्त खरिद नियमावलीको नियम १२ बमोजिम लागत अनुमान तयार गरेको छैन भने परामर्श सेवा खरिद कार्यको विल विजक वेगर मनास्लु फाण्डेशन लाई भुक्तानी दिएको छ। विल विजक वेगर भुक्तानी दिन नमिल्ने भएकोले उक्त कार्यको विल विजक पेश हुनु पर्ने रु | ७००००० |
| | **शिक्षा तर्फः** | |
| ३७ | **हिमालि आवासिय छात्रवृतिः** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप न.७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत आवासमा बसी अध्ययन गर्ने विद्यार्थिहरुका लागि प्रति महिना ४ हजारको दरले दश महिनाको रु ४०००० अनुदान दिने उल्लेख छ। आ.व २०७६।७७ मा १० महिनाका लागि निकासा भएको आवासिय छात्रवृति रकम विश्व महामारीका रुपमा फैलिएको कोभिड १९ को कारण सबै विद्यालय बन्द भई शैक्षिक क्रियाकलाप संचालनमा नरहेको कारण बैशाख देखि असार सम्म आवासिय छात्रवृति अनुदान रकम सम्बन्धीत विद्यालय बाट असुल गरी संघिय संचित कोषमा दाखिला गर्नु पर्ने रु | ७८०००० |

| विद्यालयको नाम | आवासिय छात्रवृति वितरण गरेको विद्यार्थि संख्या | विद्यालय संचालन नभएको अवधि | प्रति महिना छात्रवृति दर | बढी रकम |
|---|---|---|---|---|
| मणिकामदेवी मा वि | २५ | ३ | ४००० | ३००००० |
| कैरौजा मा वि | ४० | ३ | ४००० | ४८०००० |
| जम्मा | | | | ७८०००० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३८ | **आवासिय विद्यालय छनौट नभएको विद्यालयलाई आवास सञ्चालन अनुदानः** पालिकाले देहायका विद्यालयलाइ आवासिय विद्यालय छनोट नभएकोमा समेत रकम भुक्तानी गरेकोले उक्त रकम असुल गरी संघिय संचित कोषमा दाखिला गर्नु पर्ने रु | ८००००० |

| विद्यालयको नाम | आवास संचालन अनुदान रकम |
|---|---|
| सुर्योदय मा वि गुम्दा | २००००० |
| मन्जुश्री मा वि | ३२०००० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | |
|---|---|
| सात कन्य देवी मा वि | २८०००० |
| जम्मा | ८००००० |

३९ **शिर्षक फरक पारी खर्चः** एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले देहायअनुसार खर्च शिर्षक फरक पारी खर्च गरेको कारण देहायअनुसार फरक परेको छ। शिर्षक फरक पारी खर्च गरेको रकम अनियमित देखिएको रु ... — बेरुजू रकम: ३०००००

| खर्चको व्यहोरा | खर्च गर्नुपर्ने शिर्षकको नाम | खर्च गरेको शिर्षकको नाम | खर्च रकम |
|---|---|---|---|
| सामुदायिक विद्यालयको छात्रालाई निशुल्क स्यानीटरी प्याड खरिद | शौक्षिक क्षति न्युनिकरण तथा विद्यार्थि प्रवर्द्धन कार्यक्रम | सामुदायिक विद्यालयका छात्रालाई निशुल्क स्यानीटरी प्याड व्यवस्थापन | ३००००० |
| जम्मा | | | ३००००० |

४० **प्रतिविद्यार्थी लागत अनुदानः** आर्थिक कार्यविधि नियमावली, २०६४ कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ। कार्यक्रम कार्यान्वयन पुस्तीका, ०७६|।७७ मा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवं कक्षा ८ को परीक्षा व्यवस्थापन अन्तर्गत देहायअनुसार वढी भुक्तानी भएको छ। अतः बढी निकासा भएको रकम असुल असुल गर्नुपर्ने रु – — बेरुजू रकम: २२२५०

| **क्रियाकलापको नाम** | **विद्यार्थी संख्या** | **अनुदानको दर** | **भुक्तानी हुनुपर्ने रकम** | **भुक्तानी भएको रकम** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|
| प्रति विद्यार्थी लागतका आधारमा वाल विकास कक्षाका लागि अनुदान | ४९८ | ५०० | १२९००० | २३९७०० | ९३०० |
| शिकाइका लागि निरन्तर विद्यार्थी मूल्यांकनः आवश्यक सामग्री सुधारात्मक शिक्षण अनुदान र कक्षा १ मा नयाँ भर्ना विद्यार्थीको पोर्टफोलियो व्यवस्थापन समेत | ३५९ | १०० | ३५९०० | ४०००० | ४१०० |
| शिक्षण सिकाइ सामग्री तथा दययप अयचलभच व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा १ देखि ५ | १७३३ | १५० | २५९९५० | २६८८०० | ८८५० |
| जम्मा | | | | | २२२५० |

४१ बढी निकासाः आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ। यस गाउपालिकाले सुर्योदय मा वि को शिक्षक प्रकाश गुरुङ मंसिर १६ बाट अवकाश भएको ले दोस्रो चौमासिकमा निकासा रु १५२५९। निकासा हुनुपर्ने मा रु ८५८३० निकासा भएकोले बढी निकासा भएको असुल हुनु पर्ने रु — बेरुजू रकम: ७०५७१

४२ **ग्रेड रकम बढी निकासाः** आर्थिक कार्यविधि नियमावली, २०६४ कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ। तर गाउँपालिकाले बैशाख देखि असार सम्मको तलब निकासा गर्दा निम्न शिक्षकहरुको ग्रेड रकम तलबी प्रतिवेदनमा पारित भएको भन्दा बडी निकासा दिएको पाइयो उक्त रकम असुल गर्नु पर्ने रु — बेरुजू रकम: ४७८९८

| विद्यालयको नाम | कर्मचारीको नाम | हुनुपर्ने ग्रेड रकम | भुक्तानी भएको ग्रेड रकम | बढी रकम | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| सुर्योदय मा वि | सुनिल गुरुङ्ग | ८८७ | २६६० | १७७४ | ३ | ५३२२ |
| सातकन्या देवी मा वी | सता गुरुङ | ८८७ | २६६० | १७७४ | ३ | ५३२२ |
| कालरात्री मा वि | रामचन्द्र गुरुङ | ८८७ | २६६० | १७४४ | ३ | ५३२२ |
| मणिकामदेवी मा वि | पुजा गुरुङ | ८८७ | २६६० | १७७४ | ३ | ५३२२ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मणिकामदेवी मा वि | तिसमाया गुरुङ | ८८७ | २६६० | १७७४ | ३ | ५३२२ |
| पार्वति आ वि | विरकाजि गुरुङ | ८८७ | २६६० | १७७४ | ३ | ५३२२ |
| पार्वति आ वि | सुनमाया घले | ८८७ | २६६० | १७७४ | ३ | ५३२२ |
| जनजागृति नि मा वि | सुर्यमान गुरुङ | ८८७ | २६६० | १७४४ | ३ | ५३२२ |
| दुङला प्रा वि | जित लाल गुरुङ | ८८७ | २६६० | १७७४ | ३ | ५३२२ |
| जम्मा | | | | | | |

४३ **पाठ्यपुस्तक तर्फ बढी निकासाः** आर्थिक कार्यविधि नियमावली,२०६४ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ। यस गाउँपालिकाले पाठ्यपुस्तक अनुदान तर्फ थप नपुग  रकम मात्र अनुदन निकासा गरेको गर्नु पर्नेमा पाठ्यपुस्तक खरिद गरेको विलभरपाई भन्दा बढी निकासा गएकोले वढी भुक्तानी नभएको प्रमाण भए पेश गर्ने अन्यथा उक्त रकम असुल गर्नु पर्ने रु — बेरुजू रकम: १८३२४६

| सि नां | विद्यालयको नाम | पाठ्यपुस्तक खरिद गरेको विल रकम | निकासा रकम | बढी निकासा |
|---|---|---|---|---|
| १ | केरौजा मा वि | २६५६५८ | २९३०४१ | २७३८६ |
| २ | मन्जुश्री मा वि | १९९७९४ | २२४०१७ | २४२२३ |
| ३ | सुर्योदय मा वि | १५०६९८ | १७५३७२ | २४६७४ |
| ४ | मणिकामदेवि मा वि | १८८८६७ | २२६४३७ | ३७५७० |
| ५ | जनजागृति आ वि | ५८७३६ | ६५९९८ | ७२२६ |
| ६ | सिंह देवि | ६९०८४ | ८१३८६ | १२३०२ |
| ७ | इच्छा आ वि | ८९३८८ | ९९५८७ | १०१९९ |
| ८ | सुर्य देवि आ वि | ६५१६८ | ६८०२९ | २८६१ |
| ९ | पार्वति नि मा वि | ९४३९५ | १०७९०५ | १३५१० |
| १० | प्रभात किरण मा वि | ९१४९५ | ९९९०८ | ६४१३ |
| ११ | गण्डकी आ वि | १०८२२२ | १२५१०४ | १६८८२ |
| जम्मा | | | | १८३२४६ |

**सामाजिक सुरक्षा तर्फः**

४४ **लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १० मा लाभग्राहीको फोटो सहितको अभिलेख राखुनुपर्ने र उक्त अभिलेख निर्दिष्ट समयभित्र एम आइ एस मा प्रविष्टि गर्नुपर्ने व्यवस्था रहेको छ। तर यस कार्यालयले एम आइ एस मा विवरणा प्रविष्टि नगरेकोले  लाभग्राही लाई वडा नं ६ को दोस्रो चौमासिक भत्ता वितरणको भरपाई मा नाम थप गरी १८ जना लाभग्राहिलाई रु १६२४०० वितरण गरेको पाइयो । यस सम्बन्धमा छानविन गरी एकिन गरिनु पर्ने रु — बेरुजू रकम: १६२४००

४४.१ **बैङक मार्फत भुक्तानी गर्नुपर्नेः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को परिच्छेद ७ मा सामाजिक सुरक्षा भत्ता बैक मार्फत भत्ता वितरण गर्नु पर्ने र मन्त्रालयको स्वीकृति बिना हातहातै नगद वितरण गर्ने नपाइने उल्लेख छ। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैक खातामा जम्मा गरि भुक्तानी दिन नर्दिष्ट गरिएकोमा यस कार्यलयबाट वडा सचिवको नाममा पेश्की भुक्तानी गरि नगद वितरण गर्ने गरेकोले उक्त कार्यविधिको पुर्ण पालना गर्नु पर्दछ।

४४.२ कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गरेको कतिपय भरपाइमा जन्म मिति नागरिकता नं लगायत व्यक्तिगत विवरण नखुलाएको रु ८०००। पाउने भनि भरपाई प्रिन्ट गरेपछि हातले सच्चाई रु १२०००।उपचार खर्च समेत भुक्तानी भनी हिसाव पेश भएको । हातले नाम जन्ममिति नाम र भरपाई सच्चाई तथा केही अघिल्लो चौमासिकमा भुक्तानी भएको भनी हातले नाम जन्ममिति थप गरि भुक्तानी भएको पाइयो। यसरी सामाजिक सुरक्षा पाउने व्यक्तिको पहिचान र भत्ता पाउने रकम एकिन गर्ने नसकिएकोले हाल

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>उपलब्ध सुचना प्रविधि एम आइ एस को पुर्णउपयोग गरी लगत अद्यावधिक गरेर उक्त विवरणको आधारमा आएको भरपाईबाट मात्र भुक्तानी दिनु पर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>४५</td><td>आन्तरिक आय तर्फः ठेक्का नं १।०७६।७७ ,बुढीगण्डकी नदी जन्य पदार्थ बालुवा उत्खन्न तथा विक्री का लागि यस गाउपालिका बाट मिति २०७६।७।२९ मा शिलबन्दी दरभाउपत्र आब्हन भई गाउकार्यपालिकाको २०७६।०९।१४ गतेको निर्णय अनसार धार्चे गाउँपालिको क्षेत्रधिकार भित्रको बुढीगण्ढकी नदिको तोकिएका घाट को बालुवा उत्खनन तथा विक्री कार्यको  लागि २०७६।९।१६ मा प्रगति निर्माण सेवा सँग सम्झौता भएको छ । उक्त ठेक्का को सम्बन्धमा देखिएको व्यहोरा निम्न छ।</td><td></td></tr>
<tr><td>४५.१</td><td>उक्त ठेक्का मा उत्खन्न परिमाण ३३३३५० घन फि को लागि रु ३ दररेट निर्धारण गरि न्युनतम ठेक्का रकम रु १०००००५०।(कर बाहेक) निर्धारण गरि सम्झौता भएको छ । प्रदेश कानून अनुसार प्रति क्यु फिट रु ४ को दरले उठाउनुपर्नेमा कम दरले उठाएकोले पालिकाले प्राप्त गर्नुपर्ने भन्दा कम प्राप्त गरेको रु</td><td>३३३३५०</td></tr>
<tr><td>४५.२</td><td>प्रगति निर्माण सेवा सँग भएको सम्झौता मा मुअ कर र आयकर बाहेक रु १००००५०।कबोल अक रहेको मा उक्त फर्मले मु अ कर तथा आयकर दाखिला नगरेकोले  रु १४५७३१। असुल गरि आयकरको हकमा सम्वन्धित शिर्षक तथा मुअकरको हकमा राजस्व शिर्षक ३३३१७ मा दाखिला गर्नु पर्ने रु</td><td>१४५७३१</td></tr>
<tr><td>४६</td><td>रकम ढिला दाखिला गर्नेः आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९(६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गनुपर्ने र दैनिक रुपमा बैक दाखिला गर्ने नसकिने भएकमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैक दाखिला गर्नु पर्ने व्यवस्था छ। यस स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपय ३,४ महिना पछि र कतिपय वडाहरुले कहिले दाखिला गरेको र कति आम्दानि भएको हो भन्ने केहि प्रमाण नभेटिएको  र आर्थिक बर्षको अन्तिममा संघिय संचित कोषमा एकमुष्ठ आम्दानी बाधेको देखियो। यसरी वडागत रुपमा प्राप्त हुने वास्तविक आम्दानी एकिन हुन नसकिएकोले सममै दाखिला गरि आर्थिक पारदर्शिता कायम गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ।</td><td></td></tr>
<tr><td>४७</td><td>कोभिड १९ तर्फः आ व २०६७।७७ को अषाढ मसान्त सम्मको आम्दानी तथा खर्चको विवरण निम्न अनुसार रहेको भनि पेश गरेको छः
<table>
<tr><th>आम्दानीको स्रोत</th><th>२०७७असार मसान्त सम्म प्राप्त रकम</th><th>खर्च  शर्षक</th><th>२०७७असार मसान्त सम्मको खर्च</th></tr>
<tr><td>संघिय सञ्चित कोषबाट</td><td>०</td><td>राहात  वतरण</td><td>४९७२३०</td></tr>
<tr><td>प्रदेश सञ्चित कोषबाट</td><td>०</td><td>क्यारेन्टिन होल्डिङ्ग सेन्टर</td><td>१८८१०००</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै बजेटबाट  वनियोजन भएको</td><td>६००००००</td><td>आईशोलेसन केन्द्र निर्माण व्यावस्थापन</td><td>५०००००</td></tr>
<tr><td>संघिय को भड कोषबाट</td><td>०</td><td>जनशक्ति परिचालनर स्वये वका प्रोत्साहन</td><td>०</td></tr>
<tr><td>प्रदेश को भड कोषबाट</td><td>५०००००</td><td>औष ध  उपकरण  तथा  सामाग्री खरिद</td><td>४०७९६१</td></tr>
<tr><td>अन्य स्रोतबाट प्राप्त</td><td>३९०२१८</td><td>अन्य  शर्षकमा भएको खर्च</td><td>६०३९५४</td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>३०००८७९</td></tr>
<tr><td>मौज्दात</td><td>६८९०२१८।</td><td></td><td>६८९०२१८।</td></tr>
</table>
माथि उल्लेखित खर्चको विवरण अनुसार देखिएका व्यहोरा देहायअनुसार छन्ः
<ul><li>कार्यालयले राहत वितरणमा रु ४ लाख  ९७ हजार खर्च गरेको छ । खर्च गर्दा पटक पटक सोझै खरिद  बाट गरेको देखिन्छ।</li></ul></td><td></td></tr>
</table>

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • यस गाउँपालिकाले तयार तथा सञ्चालन गरेको क्वारेन्टिन तथा होल्डिङ सेन्टरमा निर्माण तथा सञ्चालन व्यवस्थापन रु १८ लाख ८१ हजार खर्च गरेको देखिन्छ भने आईशोलेसन केन्द्र निर्माण तथा व्यवस्थापनमा रु ५ लाख खर्च भएको देखिन्छ।<br>• औषधी स्वास्थ्य सामाग्री एवं उपकरण खरिदमा रु ४ लाख ७ हजार खर्च गरेको छ भने खर्च गर्दा पटक पटक रुपमा सोझौ खरिद भएको देखिन्छ। | |
| ४८ | **आन्तरीक आय सम्वन्धमा देखिएका अन्य व्हयोरा देहायअनुसार छन् :**<br>• **वैंक नगदी कितावः**कार्यालयले मुल संचित कोषको वैंक नगदी किताव तयार गरेको छैन । जसले गर्दा आन्तरीक आय, विषयगत निकाय तथा अन्य श्रोतवाट प्राप्त आम्दानीको सहि लेखांकन भए नभएको सुनिश्चित गर्न सकिएन । प्राप्ती तथा खर्चको विवरण अद्यावधिक गर्नुपर्दछ ।<br>• **जडीवुटी कवाडी र जीवजन्तु करः** ऐनको दफा ६१ मा जडीवुटी कवाडी र जीवजन्तु कर लगाउने व्यवस्था भएकोमा हिमाली भेगमा जडिवुटी हुन सक्ने जडिवुटीहरुको पहिचान गरेको छैन ।<br>• **परिमाण नखुलाई संझौताः** नदीजन्य पदार्थको संकलन तथा विक्रिको लागि आइ इ इ रिपोर्ट अनुसारको उत्खनन गर्न सक्ने परिमाण संझौतामा खुलाइ संझौता गर्नुपर्नेमा नखुलाएको कारण आइ इ इ रिपोर्टमा भन्दा वढी उत्खनन हुने सम्भावना देखिएको छ । यसमा सुधार गर्नुपर्दछ । | |
| ४९ | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**-स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक निर्माणकोकार्यक्रम सञ्चालन गरी यस वर्ष विभिन्नलाइ रोजगारी उपलव्ध गराई रु. १० लाख १३ हजार खर्च गरेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ५० | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु ३० लाख खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ तथा प्रयोजन खुल्दैन। यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ५१ | **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार संचालन ऐन २०७४,को दफा ७७(२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहको अन्तरसरकारी अख्तियारीको लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयवाट भएको छ भने वाँकीको हकमा आन्तरीक लेखापरीक्षण शाखावाट भएको देखिन्छ। आन्तरिक लेखापरीक्षणवाट देखिएका व्यहोराहरु देहाय वमोजिम छन। यसलाइ नियमानुसार असुल फछ्यौंट गर्नुपर्ने रु | १८२२७६ |

| भौ नं | व्यहोरा | रकम |
|---|---|---|
| | कार्यालयले तयार गरेको लागत अनुमान र खुद कार्यसम्पन्न भएको विवरण हेर्दा केही आइटममा अत्याधिक मात्रामा कामको परिमाणमा फरक परेको अवस्था छ। उक्त फरक परेको कामको सम्वन्धमा कार्यालयले कारण खुलाएको छैन। भवन वनाउने जस्तो कामको लागि इष्टिमेटको अनुपातमा कार्यसम्पन्न हुदा खासै | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | फरक नपर्ने अवस्थामा पनि देहायका काममा देहायअनुसार फरक परेको देखिएको छ। लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदनलाइ वढी विश्वसनिय वनाउनुपर्दछ। | |

| विवरण | इष्टिमेट गरेको कामको परिमाण (घमि) | दर | कार्यसम्पन्न हुँदाको परिमाण (घमि) | वढी घटी प्रतिशत |
|---|---|---|---|---|
| **यामागाउँ सामुदायिक भवन निर्माण** | | | | |
| wooden truss | २.०७ | १६१५७ | ५.०७ | २४४.९३ |
| ridge work | २.१४ | १०२५ | ७.९ | ३६९.१६ |
| form work | १४.४१ | ९७०.१७ | ११२.३२ | ७७९.४६ |
| reinforcement bar | ९६०.९७ | १२१.३९ | ८५ | ८.८५ |
| लापु गुम्दा सडक स्तरोन्नती | | | | |
| drain work | १९२० | ५९५ | ६४० | ३३.३३ |
| gravelling works | ४९.८८ | १७७८ | ५४८ | १०९८.६४ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | राजस्व समयमा दाखिला नगरी ३, ४ महिनाको अन्तरालमा दाखिला गरेको | |
| | भुक्तानी दिदा छाप नलगाएको, वडा सन्चालनको केही खर्च जनप्रतिनिधिको नाममा भुक्तानी दिएको, अधिकांश जग्गा खरिद योजनालाइ कार्यपालिकाको निर्णयको आधारमा परिवर्तन गरी जग्गा सम्याउने योजनामा परिवर्तन गरेकोमा कसको जग्गा सम्याएको हो एकिन नभएको, भौ नं ७६ वाट विभिन्न समयमा खाजा खाना खुवाएको भनि प्रमाण वेगर मिति समेत उल्लेख नभएका विलको आधारमा भुक्तानी भएको देखिएको | |
| | दैनिक भ्रमण भत्ता दिदा भुक्तानी लिने र स्वकृति दिनेको हस्ताक्षर चाहिनेमा भौ नं २३, ३७, ५२, ५३, ५९ वाट भएका भुक्तानीमा भ्रमण विल स्वीकृत नभएको तथा अन्य भुक्तानीमा समेत भुक्तानी पाउनेको हस्ताक्षर नभएको अवस्था मै भुक्तानी भएको छ। | |
| | विभिन्न कृषिका अनुदान दिँदा कुनै पनि कार्यविधि नवनाइ स्वेच्छाले अनुदान दिएको देखिन्छ। यसलाइ कार्यविधि वनाइ व्यवस्थित गर्नुपर्दछ। | |
| २३ | कम्प्युटर अपरेटर कमल गुरुङको दैनिक भ्रमण भत्ता भुक्तानी भएकोमा स्वीकृत नभएको अवस्थामा भुक्तानी भएको रु | ८३०० |
| २३ | धार्चे वडा नं १ र २ का वडा सचिवलाइ रु ४५०००। दैनिक भ्रमण खर्च दिएकोमा स्वीकृत गर्ने अधिकारीको हस्ताक्षर विना रकम भुक्तानी भएको रु | ४५००० |
| २३ | कृषि शाखाको सुरेन्द्र गुरुङलाइ रु ८३००। को भ्रमण विल स्वीकृत भएकोमा रु १५८००। भुक्तानी दिएकोले वढी भुक्तानी भएको रु | ७५०० |
| ५० | भुकम्प प्रतिरोधि घर निर्माण सम्पन्न प्रमाण पत्र वितरण कार्यक्रममा खाजाको लागि लापु गेष्ट हाउसलाइ १७७ जना उपस्थित भएकोमा २१७ जनालाइ खाजा खुवाएको भनि विल पेश भएकोले वढी रकम असुल गर्नुपर्ने रु | ३०४४७ |
| ५३ | गाडी मर्मत वापत मनकामना सप्लायर्सलाइ रु ५०३५६। भुक्तानी भएकोमा सामानहरु दाखिला नभएको रु | ५०३५६ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | | | बेरुजू रकम |
|---|---|---|---|---|
| | ६८ | उषा गुरुङलाइ दैनिक भ्रमण खर्च रु ६६५८। भुक्तानी भएकोमा हस्ताक्षर वेगर भुक्तानी भएको तथा अर्कै व्यक्ति सुर्यमान गुरुङलाइ दिएको रु | ६६५८ | |
| | २२६ | झोला खरिद गर्दा कोटेशन वेगर रु १४९४१०। को सोझै खरिद गरेको छ। यसमा सुधार गर्नुपर्दछ। | | |
| | २९१ | केयरिसिंह गुरुङलाइ रु ३१०१५। भुक्तानी भएकोमा सामान दाखिला नभएको रु | ३१०१५ | |
| | | कृषि चालु | | |
| | १० | रु ४० हजारको भर्पाइमा ४०००। वहाल कर कट्टी गर्नुपर्नेमा रु २०००। मात्र गरेकोले बाँकी कट्टि गर्नुपर्ने रु | २००० | |
| | | हस्तान्तरीत चालु | | |
| | ५२ | आमा सुरक्षा अन्तर्गत सामान खरिदको लागि अमृत व घलेलाइ रु ३२००००। भुक्तानी दिएकोमा दाखिला समावेश रहेको छैन। | | |
| | | प्रकोप तर्फः | | |
| | १५ | क्वारेन्टिन व्यवस्थापन खर्च अन्तर्गत अमृत व घलेलाइ रु २५४६७९। भुक्तानी भएको जसमा रु ६९८००। को भर्पाइको १० प्रतिशत कर कट्टा गर्नुपर्नेमा १।५ प्रतिशत मात्र कट्टा गरेकोले एकिन गरी १० प्रतिशत लाग्ने अवस्थामा उक्त रकम कट्टा गर्नुपर्ने देखिन्छ। | | |
| | २२ | जम्मा रु १८७०००। भुक्तानी हुनुपर्नेमा रु १८८०००। भुक्तान भइ रु १०००। वढी भुक्तानी भएको रु | १००० | |
| | | आन्तरिक लेखापरीक्षणले सामान खरिद गर्दा कोटेशन माग नगरी रु १ लाख भन्दा वढीका सामान खरिद गरेको, भ्रमण विल पेश गर्दा केहीमा भ्रमण गर्ने तथा केहीमा स्वीकृत गर्ने अधिकारीको हस्ताक्षर नभएको, डोर हाजिरका आधारमा रकम भुक्तानी दिएकोमा डोर हाजिर प्रमाणित नभएको, योजनाको काम सुचनापार्टीमा समावेश नभएको, इन्धन प्रयोग भएकोमा लगवुक समावेश नभएको, सवार मर्मत गर्दा मर्मत अभिलेख खाता तथा सामान दाखिला नभएको, साना साना प्यान विलहरु प्रयोग भइ भुक्तानी भएको, कुनै विल विजकहरुमा मिति तथा फर्मको छाप नभएको, कार्यक्रममा खर्च भएको भनिएकोमा खर्चलाइ पुष्ट्याइ गर्ने प्रमाण नभएको जस्ता व्यहोरा औल्याएकोले यसमा सुधार गर्नुपर्ने देखिन्छ। | | |
| | | जम्मा | १८२२७६ | |

अनुसु च १

# पा लकाको सं चतकोषको  ववरण

## २०७६।०७७

प्रदेश: गण्डकी

(रु हजारमा)

| क्र. सं. | स्थानिय तह | जिल्ला | आय | | | | | जम्मा आय | | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाडफाड | आन्तरीक आय | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १ | धार्चे गाउँपालिका | गोरखा | ५०५९९ | २०७०४० | ४९९८९ | १७८९ | ७८६७७ | ३३७४९५ | ११९२०३ | ६७४८६ | १०७२४३ | २९३९३२ | ९४१६२ |

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसु च २

## २०७६।७७

(रु हजारमा)

| सि नं | स्थानिय तह | जिल्ला | प्रारम्भिक वेरुजु | | | प्रतिक्रियावाट फछ्यौट | | | वाँकी वेरुजु | | | वाँकी वेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगति | | सैदान्तिक | लगति | | सैद्धान्तिक | लगती | | | अनिय मत भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां न लएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १ | धार्चे गाउँपालिका | गोरखा | ३२ | ४८ | ३४७३३ | ० | १ | १०५१० | ३२ | ४७ | २४२२३ | ७९५१ | १४४२४ | १८४८ | | | १६२७२ | | | ० |

अनुसुची ३

## अद्यावधिक वेरुजु स्थीती

(रु हजारमा)

| क स | स्थानिय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | यो बर्षको फछ्यौट | बाकी | यो बर्ष सम्पबाट कायम बेरुजु | यो बर्षको बेरुजु | कुल बाकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | धार्चे गाउँपालिका | गोरखा | ९५२२ | ० | ९५२२ | ० | २४२२३ | ३३७४५ |